म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ७९ शुक्रबार ९ कात्तिक २०८१ ने. सं. ११४४ कौलागा 25 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**निमोनियाबाट बचौ र बचाऔ**

फोक्सोमा हुने निमोनिया संक्रमणका लक्षणहरु:

- ज्वरो आउने, खोकी लाग्ने,
- स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाह्रो हुने,
- स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने, शरिर निलो हुने,
- यसबाट बढिमात्रामा बालबालिका प्रभावित हुने हुँदा, त्यस्ता लक्षण देखिएमा तुरून्त अस्पताल वा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# गाँजा बोक्ने र चोरीमा संलग्न ९ जना पक्राउ, आरोपी सबै युवा

## १४ वर्षीय बालक बने सहयोगी

साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ मकवानपुरबाट अबैध लागूऔषध गाँजा ओसारपसार गरेको आरोपमा एक र चोरीका घटनामा संलग्न ८ जना पक्राउ परेका छन् ।

प्रहरीले हेटौंडा र मकवानपुरगढीमा भएका चोरी र लागूऔषध गाँजा ओसारपसार घटनाका आरोपी ९ जनालाई बिहीवार एकैपटक सार्वजनिक गरेको छ । आरोपित ९ जनाकै उमेर ३० वर्ष भन्दा कम रहेका छन् । युवा अवस्थामै अपराधको दुनियाँमा होमिएका ९ जना सरकारी उद्योगमा तार चोरी गर्ने, मोटर साइकल, नगद चोरी गर्ने र लागूऔषध गाँजा ओसारपसारमा संलग्न युवक हुन् ।



सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगबाट लाखौं मूल्यको बिजुलीको तार चोरी गर्ने गिरोहका तीनजना हेटौंडा उपमहानगरपालिका-१३ वनस्पतिका २२ वर्षीय मनिराम थोकर, सोही ठाउँका २८ वर्षीय सन्तबहादुर तितुङ र भारत घर भएका कबाड व्यवसायी दिलखुशकुमार साह पक्राउ परे । साहको उमेर नखुले पनि उनी ३० वर्ष भन्दा मुनीको रहेको मकवानपुरका प्रहरी नायवउपरीक्षक श्याम् अर्यालले बताए ।

'९ जना सबै ३० वर्ष मुनीका हुन् । यसमध्ये एक जनाको घर, परिवार नै छैन । अर्का एकजना परिवार भन्दा बाहिर एक्लै रहेको र अपराधमा संलग्न भएको पाइयो' डिएसपी अर्यालले भने । उनका अनुसार सिमेन्ट उद्योगको तार चोरी गर्न हेक्सो ब्लेड खरिद गर्ने मनिराम थोकर परिवारको नियन्त्रण बाहिरै रहेर अपराधको दुनियाँमा सक्रिय भएका युवक हुन् । उनी एक्लो दुनियाँमा रहँदै आएको पाइएको उनले बताए ।

यस्तै, ३ कार्तिक बिहान ४ बजे हेटौंडा-८ कर्णावतीमार्गस्थित शिव गौतमको निर्माणाधीन घरबाट बिजुलीको तार चोरी गर्ने तीन जनालाई पक्राउ गरिएको छ । प्रहरीले ७ कार्तिकमा हेटौंडा-८ कमाने बस्ने २६ वर्षका सुमन राई, २५ वर्षका समिर घिमिरे र ८ कार्तिकमा २४ वर्षका सुशान्त क्षेष्ठलाई स्थानीय निर्माणाधीन चर्चको भवनमा सुतिरहेको अवस्थामा पक्राउ गरेको हो ।

श्रेष्ठ तीनवटा चोरीको घटनामा संलग्न भएका युवक हुन् । डिएसपी अर्यालका अनुसार श्रेष्ठको घर र परिवार दुवै छैन । 'श्रेष्ठको घर पनि छैन र परिवार तै छैन रहेछ । उ यसैगरी चोरीको घटनामा पहिल्यैदेखि संलग्न रहेको पाइयो ' उनले भने । आरोपित श्रेष्ठमाथि १६ असोजमा राति हेटौंडा-८ क्याम्पाडाँडास्थित हेटौंडा फन भिल्लाबाट ६० हजार मूल्य बराबरको साउण्ड सिस्टम र २० हजार नगद चोरी गरेको आरोप छ । यस्तै, हेटौंडा-२, स्थित शान्तिटोलबाट ना ३ प ४७३ नम्बरको यामाहा कम्पनीको मोटरसाइकल चोरी भएको घटनामा पनि श्रेष्ठ संलग्न रहेको भेटिए ।

यसैगरी, आज बिहीवार बिहान ५ बजे मकवानपुरगढी-२ शिखरकटेरीस्थित कान्तिलोकपथ सडकखण्डबाट तराई-काठमाडौं द्रुतमार्गमा वेल्डिङको काम गर्ने दुईजना मिस्त्रीलाई तार चोरी गरेको आरोपमा पक्राउ गरेको डिएसपी अर्यालले बताए । कञ्चनपुर बेलडाडी गाउँपालिका-३ का २४ वर्षीय राजेश्वर चौधरी र उनको मामा राहुल चौधरी लेनडाँडाबाट ३७ दशमलव २३ किलो धातुको बिजुलीको तार चोरी गरेको आरोपमा पक्राउ परेका हुन् । आरोपित राहुल चौधरी पनि ३० वर्ष मुनीको रहेको डिएसपी अर्यालले जानकारी दिए । तार बिक्री गर्न भन्दै हेटौंडातर्फ आउँदै गर्दा उनीहरु कान्तिलोकपथ सडकबाटै पक्राउ परे ।

मकवानपुरमा गतवर्ष २०८०/८१ को अपराधिक घटनामा संलग्न आरोपितको तथ्यांक हेर्दा ६० प्रतिशत ३५ वर्ष मुनीका रहेको डिएसपी अर्याल बताउँछन् । धेरै युवाहरु अपराधिक घटनामा संलग्न हुनुमा मुख्यत: शिक्षाको अभाव, अभिभावकविहीन, बेरोजगारी र साथीसंगत कारण रहेको उनले बताए । अपराधिक घटनामा संलग्न युवा उमेरका आरोपितसँग चेतनास्तर नै कमि रहेको पाइएको अर्याल बताउँछन् ।

**१४ वर्षीय बालक बने सहयोगी**

मकवानपुर प्रहरीलाई चोरीको घटनामा संलग्नहरु पक्राउ गर्न १४ वर्षीय बालक सहयोग बन्न पुगे । उनै बालकले चोरीमा संलग्नहरुको जालो बारे प्रहरीलाई सूचना दिएका थिए ।

डिएसपी अर्यालले १४ वर्षीय बालककै सहयोगमा चोरीका घटनाको अनुसन्धानमा सहयोग पुगेको बताए । प्रहरीले बालकको परिचय गोप्य राखेको छ । उनलाई तारेखमा छोडिएको डिएसपी अर्यालले बताए । उनी कुन घटनामा संलग्न भएका हुन भन्ने सूचना प्रहरीले दिएन ।

# बागमतीमा साउनपछि साढे ९ हजार पुगे डेंगु संक्रमित

साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ बागमती प्रदेशमा चालू आर्थिक वर्षको साउनयता डेंगुबाट संक्रमित हुनेको संख्या साढे ९ हजार नाघेको छ । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले उपलब्ध गराएको तत्थ्यांकअनुसार साउनयता प्रदेशका १३ जिल्लामा डेंगुबाट नौ हजार ६३२ जना संक्रमित भएका छन् । यस्तै, दुईजनाको ज्यान गएको छ ।




मन्त्रालयका सूचना अधिकारी डा. रविन भुषालका अनुसार चालू आवको साउन महिनामा जम्मा ८७८ जना संक्रमित रहेको प्रदेशमा कात्तिकको पहिलो हप्तासम्म संक्रमितको संख्या बढेर साढे नौ हजार नाघेको हो । उनले साउन, भदौ, असोज र कात्तिकको पहिलो हप्तासम्म डेंगुबाट संक्रमित हुनेको संख्या प्रत्येक महिना झन्डै दोब्बरले बढेको जानकारी दिए ।

मन्त्रालयको तथ्यांक अनुसार साउनमा ८७८ जना डेंगुका संक्रमित रहेकोमा भदौमा दुई हजार २२१, असोजमा पाँच हजार ४५८ र कात्तिकको पहिलो हप्तामै संक्रमितको संख्या एक हजार ७५ पुगेको छ । गत आव ०८०/८१ मा यही अवधिमा बागमती प्रदेशका १३ जिल्लामा डेंगुबाट संक्रमित हुनेको संख्या लगभग साढे आठ हजार थियो ।

प्रदेशको स्वास्थ्य मन्त्रालयको तत्थ्यांकअनुसार चालू आवको हालसम्म बागमती प्रदेशमा डेंगुबाट संक्रमित हुनेको संख्या सबैभन्दा बढी काठमाडौंमा रहेको छ । यहाँ अहिलेसम्म तीन हजार ८८ जना संक्रमित भएका छन् । यस्तै, काठमाडौंपछि चितवनमा दुई हजार ५८१, मकवानपुरमा एक हजार ३०४, ललितपुरमा ९६६ जना संक्रमित भएका छन् ।

यसैगरी, भक्तपुरमा ३५६, नुवाकोटमा ३३७, काभ्रेमा २१५, दोलखामा १२४, सिन्धुपाल्चोकमा ८३, रामेछापमा ३८, सिन्धुलीमा ३६ र सबैभन्दा कम रसुवामा एकजना संक्रमित भएका छन्। मन्त्रालयका सूचना अधिकारी डा. भुषालले पानी पर्ने क्रम रोकिएकाले डेंगुको संक्रमण केही कम हुने भए पनि अझै एक-दुई महिना सचेत रहनुपर्ने बताए । उनले डेंगु संक्रमणको जोखिम अझै रहेकाले सचेत रहन र सावधानी अपनाउन आग्रह गरे । विशेषगरी डेंगुको भाइरस फैलाउने लामखुट्टे खाल्डाखुल्डीमा जमेको सफा पानी, पुराना टायर, ड्रम, भाँडाकुँडा आदिमा जम्मा भएको पानीमा बस्ने हुँदा तिनलाई खाली गर्नुपर्ने उनको सुझाव छ ।

# अख्तियार हेटौंडाले घुससहित समात्यो नगरका हाकिम

साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ अख्तियार दुरुपयोग अनुसन्भान आयोगको कार्यालय हेटौंडाले बाराको सिम्रौनगढ नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्र प्रसाद साहलाई घुससहित रंगेहात पक्राउ गरेको छ ।

अखितयार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौडाको टोलीले उनलाई बिहीबार ७८ हजार रुपैयाँ घुससहित पक्राउ गरेको हो ।

एक योजनाको बिल भुक्तानी गरेवापत सेवाग्राहीसँग लिइरहेको ७८ हजार घुस रकमसहित पक्राउ गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले जानकारी दिए ।

निमित्त प्रशासकीय अधिकृत साह सेवाग्राहीबाट घुस लिइसकेको अवस्थामा कलैया उपमहानगरपालिका-४ वडा कार्यालय नजिक बाटोबाट पक्राउ गरी थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# जिल्ला अदालतलाई सचेत गराउन माग, कारण देखाउ आदेश



साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ जिल्ला अदालत मकवानपुरले थुनुवा बिना नै मुद्दाको सुनुवाइ गर्दै आएको क्रममा रोक लगाउन माग गरिएको छ । कोभिड-१९ महामारीमा जारी गरिएको स्वास्थ्य प्रोटोकललाई देखाउँदै हालसम्म पनि कायम राखिएको यो क्रमलाई रोक लगाउनुपर्ने भन्दै कानूनका एकजना विद्यार्थीले जिल्ला अदालतलाई नै सचेत गराएका छन् ।

कानूनमा स्नातक अध्ययनरत सुप्रिम दाहालले जिल्ला अदालतले कोभिड-१९ को महामारी सकिएपछि पनि थुनुवा बिना नै सुनुवाई गर्ने कार्यलाई निरन्तरता दिइरहेको भन्दै उच्चअदालत पाटनको हेटौंडा इजलासमा रिट निवेदन दायर गरेका छन् । दाहालको रिट निवेदनको सुनुवाई गर्दै इजलासले जिल्ला अदालत मकवानपुर र कारागार कार्यालय भीमफेदी समेतका नाममा कारण देखाऊ आदेश जारी गरेको छ । यद्यपि, रिटमा माग गरेबमोजिमको अन्तरिम आदेश भने दिइएको छैन ।

आफ्नाविरुद्धका काम कारबाहीको प्रत्यक्ष जानकारी पाउने अधिकार संविधानले थुनुवालाई प्रदान गरेको भन्दै दाहालले रिट निवेदन दायर गरेका थिए । उनले मानवअधिकारले प्रत्याभूत गरेको र नेपालको संविधानले समेत न्यायको हकलाई मौलिक हकको रुपमा राखेको सन्दर्भमा न्यायिक सम्पादनको क्रममा थुनुवाको सहभागितासहितको अधिकारलाई वेवास्ता गर्न नहुने बताए ।

उच्चअदालत पाटनको हेटौंडा इजलासका न्यायाधीश सानुमैया डंगोलको आदेशमा विपक्षीहरुलाई १५ दिनभित्र लिखित जवाफ पेश गर्न भनिएको छ । कोभिडमा लकडाउन भएयता थुनुवालाई सुनुवाईका क्रममा अदालत उपस्थित गराउन छाडिएको थियो ।

रिट निवेदनमाथि मकवानपुरका वरिष्ठ अधिवक्ता केशव काफ्ले, अधिवक्ताहरु कृष्णप्रसाद भण्डारी, मनप्रसाद भट्टराइ, हरिप्रसाद भट्ट, मुकुन्दप्रसाद अधिकारी, इश्वरी अधिकारी, संजीवप्रसाद पराजुली, शिवप्रसाद बञ्जारा, केशवप्रसाद गौतम, पंकज अधिकारी, निरज मैनाली, अप्सरा बस्नेत, ऋषि केवी, शान्तिमाया मुक्तान, सुवाशचन्द्र अधिकारीलगायतले बहस गरेका थिए ।

# सडकलगायतका पूर्वाधार पुनर्निर्माणका लागि प्रदेश सरकारको ध्यानाकर्षण

साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/गत असोजको दोस्रो साताको बाढी पहिरोका कारण अति प्रभावित मकवानपुरको बकैया गाउँपालिकाले बागमती प्रदेश सरकारलाई सडक लगायतका पूर्वाधार पुनर्निर्माणका लागि ध्यानाकर्षण गराएको छ ।

बाढीपहिरोबाट मकवानपुरमा सबैभन्दा बढी क्षति भएको पालिकामध्येको एक बकैया गाउँपालिकाले मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयमा पुगेर मंगलबार बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामालाई बाढीपहिरोले पालिकाभित्रका भौतिक संरचनामा पु-याएको क्षति र त्यसपछिको समस्याका बारेमा ध्यानाकर्षण गराएको हो ।

गाउँपालिका अध्यक्ष धर्मराज लामिछाने नेतृत्वको टोलीले पालिकाभित्रको एउटा, ललितपुर र मकवानपुरको बकैया गाउँपालिका जोड्ने पाँचवटा गरी छ वटा झोलुङ्गे पुलमा असोजको दोस्रो साता अविरल वर्षापछिको बाढीपहिरोले पुऱ्याएको क्षतिका बारेमा मुख्यमन्त्री लामालाई जानकारी गराएको हो ।

गाउँपालिका अध्यक्ष लामिछानेले पालिकाको वडा नं. १० अर्थात् साबिक मन्थली गाविसमा बाढीपहिरोले सबैभन्दा बढी क्षति पुऱ्याएको बताउँदै यो वडासम्म पुग्ने सबै पहुँचमार्ग बाढीपहिरोले क्षतविक्षत बनाएको बताए । उनले पालिकाभित्रका विभिन्न वडामा बाढीपहिरोले सडक संरचनामा क्षति पुऱ्याएका कारण सात किमि सडकको नयाँ ट्र्याक खोल्नुपर्ने अवस्था आएको मुख्यमन्त्रीलाई जानकारी गराउँदै पुनर्निर्माणमा सहयोग गर्न आग्रह गरिएको बताए ।



मुख्यमन्त्री लामाले विपत् व्यवस्थापन कोषबाट अतिप्रभावित स्थानीय तहलाई १० लाख रुपैयाँ प्रदान गर्ने निर्णय गरिसकेको बताउँदै प्रदेश सरकारको साधनस्रोतले भ्याएसम्म भौतिक संरचना पुनर्निर्माणमा सहयोग र सहकार्य गर्ने प्रतिबद्धता जनाए । पालिकाभित्रको सडक संरचना निर्माणमा मात्र साढे १० करोड रुपैयाँ लाग्ने प्रारम्भिक अनुमान गरिएको छ ।

बाढीपहिरोले पुऱ्याएको क्षतिका बारेमा ध्यानाकर्षण गराउन पालिका अध्यक्ष लामिछाने, वडा नं. ११ का वडाध्यक्ष गोपाल लामा, वडा नं. १० का वडाध्यक्ष कमला वाइबा, पूर्ववडाध्यक्ष सोम तिमिल्सिना सहितको टोली गएको थियो । असोजको दोस्रो साताको बाढी पहिरोबाट सबैभन्दा बढी क्षति पुगेका मकवानपुरको बकैया, भीमफेदी र इन्द्रसरोवर गाउँपालिकालाई नेपाल सरकारले विपत् संकट स्थानीय तह घोषणा गरेको छ ।

**आकर्षक जग्गा बिक्रीमा**

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल

सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# 'कर्मकाण्डी' कार्यसम्पादन करार सम्झौता

बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिं लामाले नीति तथा योजना आयोगसँग कार्यसम्पादन करार गरेका छन् । प्रदेशका मन्त्रीहरुसँग यसअघि नै करारसम्झौता गरिसकेका मुख्यमन्त्री लामाले बुधवार आयोगका उपाध्यक्ष गंगादत्त नेपालसँग कार्यसम्पादन करार सम्झौता गरेका हुन् । प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश २०७५ बमोजिम कार्यसम्पादन करार सम्झौता गरिएको हो । मुख्यमन्त्री लामाले चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमको कार्यसम्पादनलाई प्रभावकारी र नतिजामुखी बनाउन आयोगका उपाध्यक्षसँग कार्यसम्पादन सम्झौता गरेको बताएका छन् । सम्झौताअनुसार आयोगले वार्षिक स्वीकृत कार्यक्रम सहित प्रभावकारी र उपलब्धिमुलक नयाँ तथा फरक शैलीको कार्यक्रम गर्न निर्देशन गरिएको छ । गत ९ गते सरकारको नेतृत्व गरेका मुख्यमन्त्री लामाले गत भदौ २६ गतेको मन्त्रिपरिषद् बैठकबाट नेपाललाई आयोगको उपाध्यक्षमा नियुक्त गरे ।

कार्यसम्पादन करार सम्झौतालाई सरकारका नेतृत्वले परम्परागत कार्यशैलीको रुपमा 'कर्मकाण्डी' मात्रै बनाउँदै आएको छ । सम्झौताको प्रभावकारिताबारे सरकार आफैं गम्भीर नभएको विगतका घटनाले देखाउँछ । नेतृत्वसँग सम्झौता गर्ने र सम्झौताको मूल्यांकन नगरी त्यसलाई वेवास्ता गर्ने परिपाटी विगतमा भएका छन् । मुख्यमन्त्री लामाले चालू आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमलाई प्रभावकारी बनाएर समयमै काम सम्पन्न गर्न करार सम्झौता उपयोगी हुने दाबी गरेका छन् । तर, सरकारको कार्यक्रम कार्यान्वयनको अवस्था २०७५ देखि एउटै लयमा चलिरहेको छ । प्रत्येक आर्थिक वर्षको बजेट खर्चको अनुपात र विकास बजेटको खर्चले सरकारको काम कारबाही कमजोर रहेको देखाएको छ । बागमतीमा विगतका वर्षदेखि नै कर्मचारी, पदाधिकारीको तलब, भत्तामा धेरै र विकास बजेटमा थोरै खर्च हुँदै आएको छ । बागमती प्रदेशसभाका सभामुख, उपसभामुख सहित १ सय १० सांसद र तिनका स्वकीयको बजेट खर्च र कानुन निर्माणको अवस्थाले प्रदेश सरकारमाथि बारम्बार प्रश्न उठ्ने गरेका छन् । मुख्मयन्त्री लामाले बजेट विनियोजन र योजना छनोटलाई प्रभावकारी बनाउने, योजना बैंक स्थापना र प्रभावकारी कार्यान्वयन गरेर बजेट विनियोजनको तयारी भइरहेको बताए । लामाले योजना बैंक स्थापना तथा सञ्चालनलाई प्रभावकारी बनाउन निर्देशन दिए । उनले प्रदेश सरकारलाई नागरिकसम्म जोड्ने र फलदायी योजना छनोट तथा कार्यक्रम कार्यान्वयनमा सघाउन आयोगले भूमिका निर्वाह गर्नुपर्ने बताए ।

मुख्यमन्त्री लामाले वार्षिक स्वीकृत कार्यक्रमका अलावा प्रदेश सरकारलाई आवश्यक तथ्यांक संकलन तथा सुझाव उपलब्ध गराएर आयोगले प्रदेशको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने बताए । नयाँ र फरक ढङ्गका उत्पादन र रोजगारीमा केन्द्रित हुनेगरी आयोगले योजना निर्माण तथा बजेट विनियोजनमा सघाउन उनले आग्रह गरे । मुख्यमन्त्री लामाले यसअघि ५ भदौमा १२ जना मन्त्री र प्रदेशका प्रमुखसचिवसँग कार्यसम्पादन करार गरेका थिए । प्रदेश सुशासन ऐनको दफा १९ बमोजिम सुशासन कायम गर्न र सरकारका काम कारबाही प्रभावकारी बनाउन कार्यसम्पादन करार सम्झौता गरिएको हो । यसअघिका मुख्यमन्त्रीले पनि मन्त्री र प्रमुखसचिवसँग कार्यसम्पादन सम्झौता गर्दै आएका थिए । तर, सम्झौताअनुसारको सुशासन कायम भए/नभएको र सरकारको काम कारबाहीको प्रभावकारिताबारे सार्वजनिकरुपमा कुनै अध्ययन र अनुसन्धान भएको हालसम्म सार्वजनिक भएको पाईदैन ।

# एनआरएन परिचयपत्र अगाडि निरीह नागरिकता



✍ सुशीलबहादुर कार्की

गैरआवासीय नेपाली (एनआरएन) भनी चिनिने पूर्व नेपाली वा नेपाली मूलका विदेशी नागरिकहरू र तिनका सन्ततिलाई वर्तमान नेपाली कानून अनुसार नेपालसँग कानूनी रूपमा सम्बन्ध गाँस्ने प्रमुख दुई उपाय छन् ।

नेपालको आधिकारिक निकायले प्रदान गर्ने 'गैरआवासीय नेपाली नागरिकता' वा 'गैर आवासीय नेपाली परिचयपत्र' लिएर, अथवा यी दुवै लिएर ।

तर यी दुवै कागजातका लक्षित लाभग्राही अर्थात् एनआरएनहरू तथा यी कागजात जारी गर्ने विदेशस्थित नियोगका कर्मचारी लगायत धेरैलाई यी दुवै उस्तै काम गर्ने कागजात हुन्, एउटा लिए अर्को लिनुपर्दैन वा एउटाले अर्कोको काम गर्छ भन्ने भ्रम छ । सामान्य समझको एउटा मान्छेले निश्चय पनि परिचयपत्र भन्दा नागरिकतालाई बलियो मान्छ र माथिल्लो स्तरमा राखेर हेर्छ पनि । त्यसैले धेरैको बुझाइमा "गैर आवासीय नेपाली नागरिकता" लिएपछि "गैर आवासीय नेपाली परिचयपत्र" लिनुपर्दैन किनकि नागरिकताले परिचयपत्रलाई विस्थापन गरिहाल्छ भन्ने पनि छ ।

वास्तवमा बुझ्नुपर्ने कुरा के हो भने गैरआवासीय नेपाली नागरिकता र गैरआवासीय नेपाली परिचयपत्र छुट्टाछुट्टै प्रयोजनका पृथक् कागजात हुन् । यिनीहरूको नियमन पनि छुट्टाछुट्टै ऐन र नियमहरूले गर्दछन् भने यिनको आफ्नै चरित्र, विशेषता र फाइदा-बेफाइदाहरू छन् । त्यसैले यी दुईमध्ये कुन कागजात लिने? किन लिने? कुन लिंदा के फाइदा र सहुलियत उपलब्ध हुन्छन् ? दुवै लिने कि नलिने? यिनै अन्योल चिर्ने प्रयास यस लेखमा गरिएको छ ।

**गैरआवासीय नेपाली नागरिकता**

नेपालसँग एनआरएनको नाता सम्बन्ध अझ प्रगाढ र कसिलो बनाउने उद्देश्यले नेपालको संविधान २०७२ मा गरिएको संवैधानिक व्यवस्था बमोजिम नेपाल नागरिकता ऐन २०६३ र यसको नियमावली २०६६ बमोजिम यो नागरिकता प्रदान गरिन्छ । उक्त ऐनमा २०७९ मा संशोधन गरी "गैरआवासीय नेपाली नागरिकता" प्राप्त गर्न सक्ने प्रावधान थपियो र २०८० जेठदेखि वितरण पनि थालियो । अब नागरिकता ऐनमा "गैर आवासीय नेपाली नागरिकता" को एउटा प्रकार थप भएको छ ।

यो नागरिकता प्राप्त गर्नको लागि विदेशमा भए नियोग (दूतावास, महावाणिज्य दूतावास वा यूएनका लागि स्थायी नियोग) प्रमुख समक्ष र नेपालमा भए आफ्नो वा बाबुआमाको नागरिकता लिएको जिल्ला प्रशासन कार्यालय समक्ष निवेदन दिनुपर्दछ । विदेशस्थित नियोगमा निवेदन दिए पनि नियोगले नेपालको सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग बुझेर, र उसले पनि सम्बन्धित वडा र परिवारसँग सनाखत गरेर सदर गरेपछि मात्र प्रदान गर्ने हुँदा विदेशस्थित नियोगबाट लिंदा अलि लामो समय लाग्न सक्छ भने नेपालमा आफैं उपस्थित भएर लिंदा भने केही दिनमै हुने गरेको पाइन्छ ।

यो नागरिकता प्राप्त गर्नेले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको उपभोग गर्न पाउने कुरा संविधान र नागरिकता ऐनमा लेखिएको छ । तर ती अधिकार के-कस्ता हुन् भनी कुनै कानूनले पनि प्रस्ट नपारेको हुँदा आधिकारिक रूपमा कुन अधिकारहरू कसरी कुन हदसम्म उपभोग गर्ने भन्नेमा अन्योल छ । राजनीतिक अधिकारको बारेमा उल्लेख नहुनुले यो पूर्णत: वर्जित छ भन्ने बुझिन्छ ।

त्यसका बाबजुद हाललाई यो नागरिकता लिए बापत पाइने सुविधा भनेको मुलुकी देवानी संहिता २०७४ को व्यवस्थाहरू बमोजिम अचल सम्पत्ति हस्तान्तरण गरी लिंदाको अवस्थामा अन्य विदेशीलाई हस्तान्तरण गर्दा जस्तो पूर्वस्वीकृति लिनु नपर्ने सहुलियत पाइने ( दफा ४३२) र अंश वा अपुताली प्राप्त भएमा निजको नाममा नामसारी, दर्ता हुन वा सो सम्पत्तिको आम्दानी निजले उपभोग गर्न अन्य विदेशीलाई जस्तो सरकारले विशेष अनुमति दिइरहनुपर्दैन (दफा ४३३) भन्ने छ । यी बाहेक हाललाई यो नागरिकता लिए बापत कुनै हक, अधिकार, सुविधा र सहुलियत पाइने अवस्था नभएको हुँदा घरजग्गा खरिद बिक्री त परको कुरा भिसा मिनाहा वा शुल्कमा छुटसम्म पनि पाईंदैन भने त्यस्ता नागरिकता वाहकले चाहे विवाह, जन्मदर्ता जस्ता व्यक्तिगत घटना दर्ता पनि विदेशीकै रूपमा हुन्छन् ।

**गैरआवासीय नेपाली परिचयपत्र**

एनआरएनलाई नेपालप्रतिको सामीप्यता अभिवृद्धि गरी तिनलाई नेपालको सर्वाङ्गीण विकासमा सहभागी गराउन उत्प्रेरित गर्ने उद्देश्यले यो परिचयपत्र 'गैरआवासीय नेपाली सम्बन्धी ऐन, २०६४' र यसको नियमावली २०६६ बमोजिम प्रदान गरिन्छ । यो प्राप्त गर्न निवेदन दस्तुर नेपालमा भए रु.१,५०० र विदेशमा भए २० डलर बुझाउनुपर्छ र परिचयपत्र प्राप्त गर्न र नवीकरण गर्न भने निवेदकको भौगोलिक बसोबास र नागरिकताको आधारमा यूरोप, अमेरिका, अष्ट्रेलिया महादेशका मुलुकहरू तथा जापान र कोरियाका लागि अमेरिकी डलर ५०० र अन्यत्रका लागि २५० लाग्छ र नेपालबाट लिने हो भने सोही बराबरको नेपाली रुपैयाँ । यो परिचयपत्र प्राप्त गर्नको लागि विदेशमा भए नियोग प्रमुख समक्ष र नेपालमा भए परराष्ट्र मन्त्रालयमा निवेदन दिनुपर्दछ ।

एनआरएन नागरिकताले नदिएको धेरै अधिकार र सुविधाहरू यस परिचयपत्रले प्रदान गर्दछ । पहिलो सहुलियत भनेको त परिचयपत्र धारकले नेपाल प्रवेश गर्दा भिसा वा नवीकरण गर्दा शुल्क तिर्नुपर्दैन । अझ निश्चित परिमाणमा घर-जग्गा लगायत अचल सम्पत्ति खरिद गर्न पाउने (जस्तै: काठमाडौं उपत्यकाभित्र बढीमा दुई रोपनी) लगानीको लागि विदेशी रकम ल्याउन र लगानी वा यसको प्रतिफल विदेश लैजान पाउने, विदेशी मुद्रामा बैंक खाता खोल्न पाउने र कर सहुलियत लगायत सुविधा रहेका छन् ।

**अर्को "गैरआवासीय नेपाली परिचयपत्र"**

माथि उल्लिखित बाहेक 'राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६' को दफा ४७ र यसको नियमावली, २०७७ को नियम ३६(५) बमोजिमपनि 'गैरआवासीय नेपाली परिचयपत्र' को व्यवस्था गरिएको छ । यो परिचयपत्र लिनको लागि गृह मन्त्रालय मातहतको 'राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग' मा परिचयपत्र दस्तुर अमेरिकी डलर २५० तिरेर निवेदन दिनुपर्दछ र सो विभागका महानिर्देशकले यो जारी गर्ने गर्दछन् । यो अस्थायी प्रकृतिको र अवधि तोकिएको अरुभन्दा छुट्टै परिचयपत्र हो । यो प्राप्त गर्नको लागि पूर्वशर्तको रूपमा एनआरएन नागरिकता प्राप्त गरेको हुनुपर्दछ ।

यो परिचयपत्र नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि जारी गर्न सकिने उल्लेख गरेको छ र यो कार्यान्वयनमा आइसकेको जानकारीमा आएको छैन । नियम ३६(८) अनुसार एनआरएन नागरिकता प्राप्त व्यक्तिले प्रचलित नेपाल कानून बमोजिमका सेवा-सुविधा प्राप्त गर्न यो परिचयपत्र पेश गर्नुपर्नेछ भनी व्यवस्था गरेको छ ।

तसर्थ, एनआरएन नागरिकताप्राप्त व्यक्तिले हाल उपलब्ध र भविष्यमा उपलब्ध हुने कुनै पनि आर्थिक, सांस्कृतिक र सामाजिक अधिकार अन्तर्गतका र अन्य सेवासुविधा प्राप्त गर्न यो परिचयपत्र पेश गर्नुपर्ने अनिवार्य व्यवस्था गरेका छ । हाल नागरिकता ऐन अन्तर्गतका अधिकारहरू पूर्णरूपमा संस्थागत नभइसकेको हुँदा यो परिचयपत्र जारी गरिएको छैन तर जब उल्लिखित अधिकारहरूको व्यवस्था गरिन्छ तब यो परिचयपत्र अनिवार्य हुनेछ ।

जब एनआरएन नागरिकता नै लिइसकेपछि सेवा-सुविधा लिन पुन: यो परिचयपत्र लिनुपर्ने व्यवस्था किन गर्नु परेको हो बुझ्न सकिएको छैन । नेपाली नागरिकलाई नागरिकता पछि राष्ट्रिय परिचयपत्र अनिवार्य बनाइए जस्तै एनआरएनलाई पनि अर्को एउटा परिचयपत्रको तह थोपरिएको देखिन्छ । सायद एनआरएन नागरिकता लगभग नि:शुल्क वितरण गरिने हुँदा अतिरिक्त २५० डलर असुल्न मात्रै पो यसको व्यवस्था गरिएको हो कि भने झैं पनि देखिन्छ । नत्र एनआरएन नागरिकता नै पेश गरेर सेवा-सुविधा प्राप्त गर्न नसकिने कारण त केही देखिँदैन ।

अर्कोतर्फ उही नामका दुईथरी परिचयपत्र एकसाथ जारी हुँदा एनआरएन आईडी कार्डको नाम लिंदा पनि कुन ऐन अन्तर्गत को आईडी कार्ड हो भनेर स्पष्ट पार्नुपर्ने र अन्योल हुने अवस्था सृजना भएको छ । यसरी हेर्दा एनआरएनले तीनवटा कागजात लिनुपर्ने देखियो र यी लिने लम्बाचौडा कार्यविधि त अनेकन् छँदैछन् । सरोकारवाला तालुक निकायहरूले एकअर्कासँग समन्वय नगरी आफूलाई महत्वपूर्ण देखाउन एकपक्षीय रूपमा कानून मस्यौदा गर्दा यस्तो अवस्था सृजना हुन गएको जस्तो देखिन्छ । तालुक मन्त्रालय, विभाग आदिले असावधानीवश यस्तो प्रावधानको मस्यौदा गरे पनि संसद्मा राम्ररी छलफल हुनसके यसलाई सम्बोधन गर्न सकिन्थ्यो तर यसतर्फ विधायिकाले पनि ध्यान पुऱ्याएको देखिएन ।

यसले एनआरएनलाई अनावश्यक झमेला दिने र दिग्भ्रमित पार्ने निश्चित छ । तसर्थ, नेपालीका लागि मात्र नभई एनआरएनका लागि पनि धेरै खाले परिचयपत्रलाई एकीकृत गरी सकभर एउटै वा कम कागजातबाट परिचय खुलाउने र सेवा-सुविधा उपलब्ध हुने व्यवस्था गराउनुपर्नेमा फरक कानूनी व्यवस्थाका आधारमा धेरै किसिमका परिचयपत्र जारी गर्नु उचित नहुने हुँदा सरकारले यसलाई एकीकृत कानूनी व्यवस्था अनुसार हुने गरी यथाशीघ्र सुधार गर्न जरूरी छ ।

**कतिपय नियोगका गलत सुझाव**

विदेशमा रहेका कतिपय नियोगहरूले परिचयपत्र लिन पुगेका पूर्वनेपालीहरूलाई गलत सूचना र सल्लाह दिने गरेको पनि देखिएको छ ।

जस्तै क्यानडाको ओट्टावाका एक अधिकारीले मेरा एक आफन्तलाई हालसालै 'यत्रो शुल्क तिरेर किन परिचयपत्र लिनुहुन्छ, बरु नेपाल जाँदै हुनुहुँदोरहेछ उतै गएर एनआरएन नागरिकता नै लिए नि:शुल्क पाइन्छ र त्यस्तो नागरिकताले परिचयपत्रको सबै काम गरिहाल्छ' भनेर सल्लाह दिएकोमा यता आएर सोही बमोजिम नागरिकता लिई अध्यागमन विभागमा भिसा शुल्क मिनाहा गरिदिन माग गर्दा नागरिकताको आधारमा यस्तो कुनै सहुलियत नपाइने जनाइयो ।

त्यस्तो सहुलियत लिन त परिचयपत्र नै लिनुपर्ने हुन्छ भनियो । त्यसो भए यो नागरिकताको फाइदा के त? भनेर अध्यागमन अधिकारीलाई सोध्दा 'त्यस्तो कुनै कानूनी व्यवस्था पनि नभएको र परिपत्र पनि नआएकोले अहिलेलाई त यो नागरिकतालाई कागजको खोस्टै माने पनि फरक नपर्ला' भनेको पाइयो । यसपछि मेरा ती आफन्तले बेकारमा आधिकारिक रूपमा नागरिकता परित्याग गरियो भनी पछुताएका थिए ।

एकातिर लाभग्राहीमा रहेको अस्पष्टता र अर्कोतिर सरकारी अधिकारीहरूले पनि राम्ररी नबुझी गलत सल्लाह दिने गरेको सन्दर्भमा यी दुवै कागजातको बारेमा जानकारीमूलक र सही सूचना सम्प्रेषण गर्न गैरआवासीय नेपाली संघसंस्था र पदाधिकारीहरूले तथा परराष्ट्र मन्त्रालय र नियोगहरू नै अग्रसर भई यसबारे आफ्ना कर्मचारीलाई अभिमुखीकरण गर्न जरूरी देखिन्छ ।

**एनआरएन नागरिकता लिने कि एनआरएन परिचयपत्र ?**

यी कागजात मध्ये स्वाभाविक रूपमा संविधान नि:सृत पहिचानको आधारमा एनआरएन नागरिकताको प्रमाणपत्रको वजन बढी हुनुपर्ने हो तर हाललाई वाहकको फाइदा र सहुलियतको आधारमा परिचयपत्रकै पल्ला भारी देखिन्छ । एनआरएन परिचयपत्र बनाएकाहरूले नि:शुल्क एनआरएन भिसा लिएर नेपाल प्रवेश गर्न सक्छन् भने त्यो नबनाएका पूर्व नेपालीले अन्य विदेशी सरह भिसा शुल्क तिरेर नेपाल प्रवेश गर्नुपर्ने हुन्छ । पछि लामो समय बस्न नवीकरण गर्नु परे नेपाली नागरिकसँग सीधै नाता पर्ने कागजात पेश गरेर नाताको 'रिलेशन भिसा' १० डलर प्रति महिना र सिंगल रिइन्ट्रीको २० वा मल्टिपल रिइन्ट्रीको ६० डलर अतिरिक्त शुल्क तिरेर गर्न सकिन्छ । परिचयपत्रको अवधि पनि बढीमा १० वर्षको हुने भएपनि व्यावहारिक रूपमा भिसा भने प्रत्येक वर्ष निशुल्क नवीकरण गराउनुपर्ने हुन्छ ।

नेपालमा लगानी नगरेरै पनि लामो समय वा एक-दुई वर्षभन्दा बढी नेपाल बस्ने हो भने ५०० वा २५० डलर तिरेर परिचयपत्र लिनु बढी फाइदाजनक देखिन्छ । त्यसैले परिचयपत्र नबनाएका पूर्व नेपालीले भिसा शुल्कमा बस्दा फाइदा हुन्छ वा परिचयपत्रको शुल्क तिरेर नि:शुल्क एनआरएन भिसामा नेपाल बस्दा फाइदा हुन्छ त्यसको लेखाजोखा गरी निर्णय लिंदा हुन्छ । अर्कोतर्फ, एनआरएन नागरिकताबाट उपभोग गर्न पाइने आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार कानूनी रूपमा परिभाषित नगरुन्जेल यो थारो नै रही यसबाट कुनै सहुलियत र फाइदा लिन नसकिने हुँदा सहुलियतकै लागि नागरिकता लिन इच्छुक एनआरएनहरूले पछि २५० डलर तिरेर अर्को एनआरएन परिचयपत्र बनाउनै पर्ने हुँदा राम्ररी बुझेर मात्र लिने नलिने निर्णय गर्दा राम्रो हुने देखिन्छ ।

लक्षित वर्ग एउटै भएका यी दुई कागजातहरू आधारभूत रूपमा भिन्न छन् यी दुईलाई नियमन गर्ने भिन्न उद्देश्य भएका छुट्टाछुट्टै ऐन नियमहरूले एकले अर्काको बारेमा उल्लेख गरेका छैनन्, एउटालाई अर्कोको पूर्वशर्त बनाइएको पनि छैन र एकले अर्कालाई चिनेका पनि छैनन् । दुईमध्ये जुन कागजात लिनु परे पनि नेपाली नागरिकता आधिकारिक रूपमा परित्याग गर्नै पर्ने पूर्वशर्त रहेको छ । त्यसैले एनआरएनहरूले दुवै कागजातका सम्पूर्ण पक्षबारे सुसूचित भएपछि आफ्नो अनुकूलता हेरेर कुनै एउटा मात्र वा दुवै कागजात लिने वा नलिने आफ्नो रोजाइ ।

*(साभार: अनलाइनखबर)*

# अर्थशास्त्रको नोबेल पुरस्कार विजेता सन्दर्भ : देश विकासको कडी

✍ वैकुण्ठ पाण्डे

यस वर्षको अर्थशास्त्रको नोबेल पुरस्कार तीनजना अमेरिकी अर्थशास्त्रीलाई संयुक्तरुपमा प्रदान गरिएको छ । ती अर्थशास्त्री हुन् डारेन यसिमग्लु, साइमन जोन्सन र जेम्स रबिन्सन । उनीहरुले देशको समग्र विकासमा सार्वजनिक संस्थाहरुको योगदान कसरी उच्च हुन्छ भन्ने कुरामा जोड दिएर धेरै अनुसन्धान गरेका थिए ।

सन् २०१० मा संयुक्तरुपमा एक अनुसन्धानमूलक लेख 'द रोल अफ इन्स्टिच्युसन इन ग्रोथ एन्ड डेभलपमेन्ट' र सन् २०१२ मा लेखिएको पुस्तक 'ह्वाइ दि नेसन्स फेल ?' यसिमग्लुको समूहले प्रकाशित गरेका थिए, जुन निकै चर्चित भएको थियो । धेरैले पढे, मनन गरे । यस हिसाबले यिनीहरु नोबेल पुरस्कारका भागिदार पहिले नै थिए भन्नेहरु पनि छन् तर ढिलै भए पनि राम्रो निर्णय भयो । उनीहरुले कुनै पनि राष्ट्र विकसित हुनु र नहुनुका पछाडि त्यो राष्ट्रले आफ्नो देशमा कस्ता संस्थाहरुको विकास गऱ्यो भन्ने कुराको ठूलो अर्थ राख्छ भन्ने कुरामा जोड दिँदै आएका छन् ।

उनीहरु भन्छन्- आर्थिक वृद्धिलाई तीव्रता दिनको निम्ति अन्य तत्वहरु पनि उपयोगी हुन्छन्, जसमा उत्पादनका साधनहरुको पर्याप्तता, संस्कृति, जनसंख्या, भूगोल आदि पर्दछन् । तर यी सम्पूर्ण तत्वहरुलाई गुणस्तरीय संस्थाको उपस्थितिले उछिनिदिन्छ । अर्थात् आर्थिक, सामाजिक विकासका निम्ति सम्पूर्ण साधन-स्रोत विद्यमान भएर पनि उचित संस्थाको विकास भएको छैन भने त्यो देश पछि पर्न जान्छ । जब समयानुकूल संस्थागत संरचनाहरु निर्माण गर्दै गइन्छ, तिनै मार्फत स्रोत-साधनको व्यवस्थापन हुँदै देशले विकासको गतिमा तीव्रता दिन सक्छ । अत: देशको विकास स्वत: हुने कुरा होइन, यो उचित संस्थागत संरचनाहरुको निर्माण र व्यवस्थापनबाट हुने एक सुझबुझ एवं योजनाबद्ध तयारीको परिणाम हो भन्न सकिन्छ ।

**सार्वजनिक संस्था के हो र यसले के गर्छ ?**

डारेन यसिमग्लु, साइमन जोन्सन र जेम्स रबिन्सनहरु भन्छन्- राजनीतिक, आर्थिक र सामाजिक संरचनाहरुबीच पर्याप्त अन्तरक्रिया हुने गरी निर्माण गरिएका संविधान, नियम, कानुन, मानक तथा संगठनहरु नै संस्था हो । कुनै पनि संस्थागत संरचनाभित्र चारवटा कुरा समावेश भएको हुन्छ । औपचारिक नियम, अनौपचारिक सामाजिक पद्धति, नियमलाई कार्यान्वयन गर्ने प्रणाली र नियमभन्दा बाहिर गरिने कुराहरुलाई नियन्त्रण गर्ने परिपाटी । औपचारिक संस्थाअन्तर्गत सरकारी निकायहरु पर्दछन् । सामाजिक मूल्य, मान्यता, आदर्श, नैतिकता, सामाजिक सम्बन्धजस्ता कुराहरु अनौपचारिक संरचनाहरुभित्र पर्दछन् । न्यायालय, सेना, प्रहरी, मन्त्रालयहरु आदि सबै सरकारले निर्माण गरेका संस्था हुन् । यिनीहरुले व्यवस्थापन, कार्यान्वयन र नियन्त्रण विधिबाट जनतामा सेवा प्रवाहित गर्दछन् । राज्यले निर्माण गरेका यस्ता निकायहरु कसरी सेवा प्रवाह गर्दछन् र यिनीहरुलाई कसरी परिचालित गरिन्छ भन्ने कुराले संस्थाहरुको गुणवत्ता दर्शाउने गर्दछ । यसैको आधारमा राज्य समृद्ध हुने वा गरिब हुने भन्ने कुरा निर्क्यौल गर्दछ ।

'ह्वाइ दि नेसन्स फेल ?' नामक पुस्तकमा बडो राम्रो तरिकाले संस्थाहरुको चित्रण गरिएको छ । लेखकहरुले उक्त पुस्तकमा बताएका छन् कि राज्यको निकाय वा संस्था हुनु वा नहुनु ठूलो कुरा होइन, बरु कस्तो संस्थाले कसरी काम गरिराखेको छ भन्ने कुरा महत्वपूर्ण हुन्छ । यस कारण उनीहरुले संस्थालाई दुई भागमा बाँडेर अध्ययन गरेका छन्- समावेशी र एकात्मक (शोषणमुखी) । समावेशी चरित्रका संस्थाहरुले समाजका सबै तह र तप्काहरुलाई समन्वय गरेर समाजको मूल प्रवाहमा हिँडाउने प्रयत्न गर्दछन् । कानुनको शासन, सम्पत्तिको हक, शिक्षा र स्वास्थ्यमा उचित पहुँचजस्ता कुराको सुनिश्चितता प्रदान गर्न सदैव प्रतिबद्ध रहन्छ । यति मात्र नभएर आर्थिक वृद्धिको निम्ति आवश्यक पर्ने अनुसन्धान र नवप्रवर्तनलाई प्रोत्साहित गर्दछ ।

यस विपरीत शोषणकारी एकात्मक संस्थाहरु राज्यका सम्पत्ति र स्रोतहरु केही सम्भ्रान्तहरुको कब्जामै रहने गरी निर्माण गरिएका हुन्छन् । यस्ता संस्थाहरुले जनसंख्याको ठूलो हिस्सालाई पुग्ने गरी पुनर्वितरण गरिनुपर्ने राज्यको सम्पत्ति केही व्यक्तिहरुमा केन्द्रित मात्र गर्ने नभई गरिब मजदुरहरुलाई शोषण गर्न मिल्ने गरी स्रोत र साधनहरुको वितरणको प्रवन्ध मिलाइएको हुन्छ । यसबाट लगानी र नवप्रवर्तनलाई निरुत्साहित हुने, कानुनी राज्यको मान्यता उल्लैन हुने र समाजमा व्यापक निराशा बढ्ने स्थिति बन्दै जान्छ । यसर्थ, देशमा भएका संस्थाहरुले कसको हितमा काम गर्दछन् भन्ने कुराले देशको आर्थिक, सामाजिक रुपान्तरणमा निकै ठूलो भूमिका खेल्छन् ।

**आर्थिक विकासमा सार्वजनिक निकायको भूमिका :**

सरकारी निकायहरु जो सार्वजनिक चासोका निम्ति स्थापना गरिएका हुन्छन्, तिनीहरु देशमा विद्यमान शक्ति सन्तुलनका विम्ब पनि हुन् । यो राजनीति अर्थशास्त्रमा प्रयोग हुने शब्द 'गेम थ्योरी' मा आधारित हुन्छ । राज्यको धन, स्रोत र साधन कसको हातमा पुऱ्याउने भन्ने खेलको नाम नै राजनीति हो । राजनीतिले आफ्नो वर्गको हित अनुकूल यस्ता संस्थाहरु निर्माण गर्दछ । मोटामोटीरुपमा सार्वजनिक निकायहरुले गर्ने कामहरु निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

(क) सम्पत्तिको अधिकारको सुरक्षा गर्ने : लगानीकर्ताको लगानीको सुरक्षा गर्ने काम सरकारको हो । कानुनी राज्य भएको देशमा सम्पत्तिको अधिकारलाई राम्रोसँग सुरक्षा गर्ने गरी व्यवस्था गरिएको हुन्छ । यस्तो कानुनी प्रावधान भएको राज्यमा निजी लगानीकर्ताले ढुक्कसँग लगानी गर्ने, नवप्रवर्तनलाई गर्ने र खोज अनुसन्धान गर्ने वातावरण निर्माण हुन्छ । लगानीमा कुशलता, उत्पादनमा कुशलता र वितरणमा कुशलता कसरी गर्न सकिन्छ भन्ने कुरामा निजी क्षेत्र जहिले पनि सजग रहन्छ । त्यस कारण भनिन्छ, बजारमा क्रियाशील फर्म आफैँमा कुशलताको परिचय हो । राज्यबाट निजी क्षेत्रलाई कानुनी हिसाबले सहजीकरण गर्ने, नीतिगत झन्झटबाट मुक्त गरिदिने र यिनका समस्याहरुलाई कसरी सकिन्छ सहजीकरण गर्न सकिन्छ भन्नेतर्फ चिन्तनशील सरकारी निकायको निर्माण हुनु अपरिहार्य छ । यसबाट समाजमा लगानीको वातावरण निर्माण हुन गई आर्थिक वृद्ध तीव्र हुन सहयोग पुग्दछ ।

(ख) जवाफदेहिता र सुशासनको सुनिश्चितता : सरकार नागरिकप्रति जवाफदेही हुनुपर्दछ भन्ने सर्वमान्य सिद्धान्त हो । यस मान्यतालाई स्थापित गर्ने हिसाबले राज्यले संस्थागत संरचनाहरु निर्माण गरेको हुन्छ । निष्पक्ष निर्वाचन, स्वतन्त्र न्यायपालिका, प्रेस स्वतन्त्रताजस्ता आधारभूत कुराहरुमा राज्य गम्भीर हुँदा जवाफदेहिताको संस्कृति निर्माण हुन सक्छ ।

क्रमश: पृष्ठ-३....

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक १० गते शनिबार २६ अक्टोबर २०२४ । नवमी, कात्तिक कृष्णपक्ष । कौलागा ११४४ ने.सं. । सूर्योदय ६:११, सूर्यास्त ५:२३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : वास्थ्य बिग्रन सक्ने | तुला | : निर्माण कार्यमा प्रगति |
| वृष | : रमाइलोगरि समय बित्ने | वृश्चिक | : सामाजिक काममा सफलता |
| मिथुन | : राजनीतिमा प्रगति हुने | धनु | : सन्तानबाट खुशी मिल्ने |
| कर्कट | : शारीरिक परिश्रम गर्नुपर्ने | मकर | : व्यापारमा केही हानि हुने |
| सिंह | : पढाइमा प्रगति हुने | कुम्भ | : शत्रु पराजित हुने |
| कन्या | : विश्वासमा संकट आउने | मीन | : मानसम्मान बढ्ने |

# विभागीय मन्त्रीमाथि कुलमानको 'ट्रायल'

काठमाडौं/नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आफ्नै विभागीय मन्त्रीमाथि बिहीवार दिनभर अनौठो ट्रायल गरेका छन् । डेडिकेटेड र ट्रंक लाइन विवादमा उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दिपक खड्कालाई दिनभर गुमराहमा राखेर अन्तत: साँझ उनले बक्यौता नतिरेको आरोपमा उद्योगहरुको लाइन काटिदिएका हुन् ।

गत २४ असोजमा प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइन विवादमा बक्यौता रहेका भनिएका ४९ वटा उद्योगलाई बक्यौता बुझाउन १५ दिने अल्टिमेटम दिएको थियो । त्यसको म्याद ८ कात्तिक अर्थात् आज सकिँदै थियो । यस विषयमा छलफल गर्न भनेर उर्जामन्त्री तथा प्राधिकरणको सञ्चालक समिति अध्यक्ष खड्काले घिसिङलाई बिहीवार बोर्ड बैठक बोलाउन लगाएका थिए ।

बिहीबार बिहान बसेको प्राधिकरण बोर्ड बैठकमा पनि ऊर्जा मन्त्री खड्काले डेडिकेटेड तथा ट्रंक लाइन विवाद दिगो रुपमा समाधान गर्नुपर्ने भन्दै उद्योगीहरूको लाइन तत्काल नकाट्न निर्देशन दिएका थिएका थिए । बक्यौता असुली गर्नुपूर्व प्राधिकरणले प्रमाण दिनुपर्ने, अन्यथा लाइन काट्न नहुने उनको तर्क थियो । अहिले अर्थतन्त्र संकटमा रहेका बेला उद्योगको लाइन काट्दा थप क्षति हुने भन्दै उनले दिगो समाधान खोज्नुपर्ने बताए ।

तर प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले यसअघि भएको निर्णय अनुरूप पनि लाइन काट्ने पक्षमा उभिए । यदि लाइन नकाट्ने हो भने बोर्डले निर्णय गरि दिनुपर्ने उनको अडान थियो । तर बोर्ड कुनै निर्णयमा पुग्न सकेन । तर, खड्काले उद्योगीहरुसँग छलफल गरेर समाधान निकाल्ने तर कुनै हालतमा लाइन नकाट्न निर्देशन दिएपछि घिसिङले उद्योगीहरुसँग छलफल गरेर समाधान निकाल्ने बचन दिएका थिए ।

बोर्ड बैठक सकिएलगत्तै प्राधिकरणले कतिपय उद्योगीलाई कार्यालयमै बोलायो । कतिपयलाई भने फोन गरेको थियो । तर मन्त्रीसँग गरेको प्रतिबद्धताविपरीत घिसिङले उद्योगीहरुलाई किस्ताबन्दीमा भए पनि बक्यौता भुक्तानी थाल्न, नभए लाइन काटिदने धम्की दिए । प्राधिकरणको केन्द्रीय कार्यालयबाटै धम्कीसहितको फोन आएको बुटवल-भैरहवा क्षेत्रका उद्योगीले गुनासो गरेका थिए । काठमाडौंमा पनि केही उद्योगीलाई प्राधिकरणमा बोलाएर घिसिङले किस्ताबन्दीमा बक्यौता तिर्ने कागजमा हस्ताक्षर गर्न दबाब दिए ।



'प्राधिकरणले मान्छे नै किटेर तपाईं-तपाईं मात्रै आउनू, फलानोलाई चाहिँ नल्याउनू भनेर फोन गरेको थियो । त्यहाँ पुग्दा २८ किस्तामा बक्यौता भुक्तानी गर्न सहमत छु भन्ने बेहोराको सम्भौतापत्र तयार थियो,' एक उद्योगीले भने, 'यसमा सही गर्नुस्, थप किस्ता पनि चाहिन्छ भने त्यसो पनि गरौंला । तर तिर्नुको विकल्प छैन, नभए लाइन काटिन्छ भनेर दबाब दिइयो, हामीले त्यसमा सही गर्न सक्दैनौं भनेर फर्कियौं ।' जबकि उद्योगीहरुसँग यसरी छलफल गर्ने भनेर घिसङले मन्त्रीलाई जानकारी नै गराएका थिएनन् ।

उद्योगीहरुले भने तत्कालीन विद्युत् महसुल निर्धारण आयोगको १०३ औं र १०८औं बैठकको निर्णयको शर्त पुग्ने गरी प्रमाण दिए तत्काल भुक्तानी गर्ने जवाफ दिएका थिए । तर त्यसमा कुलमान तयार भएनन् । बिहान आफूसँग गरेको प्रतिबद्धताविपरीत उद्योगीहरुलाई महसुल नतिरे लाइन काट्न धम्क्याएको जानकारी पाएपछि ऊर्जामन्त्री खड्काले कार्यकारी निर्देशक घिसिङलाई मन्त्रालयका बोलाए । तर मन्त्रीले बोलाउँदा पनि घिसिङ त्यहाँ जान आलटाल गरिरहेका थिए । मन्त्रिपरिषद् बैठक ५ बजे शुरु हुने भनिएकोमा त्यसभन्दा पनि ढिलो गरी घिसिङ उर्जा मन्त्रालयमा पुगे । उनले आफ्ना अति निकट सहयोगी उपकार्यकारी निर्देशक मनोज सिलवाल तथा कानून विभाग प्रमुखलाई पनि साथमा लिएर गएका थिए ।

त्यसबेला पनि मन्त्री खड्काले बोर्ड बैठकमा जस्तै बक्यौता उठाउने नै हो तर लेखा समितिले निर्णय नगर्दासम्म लाइन नकाट्न निर्देशन दिए । अहिलेको अवस्थामा लाइन काट्दा अर्थतन्त्रमा नै समस्या आउने, उद्योगहरुमा काम गरिरहेका हजारौंको रोजगारी गुम्ने भएकाले तत्काल लाइन नकाट्न उनले निर्देशन दिएका थिए ।

तर घिसिङले नै लाइन नकाट्ने भनेर मन्त्रिपरिषद्ले निर्णय गरिदिनुपर्ने नत्र लाइन काट्ने जानकारी मन्त्री खड्कालाई गराएका थिए । आफूले उद्योगीहरुसँग किस्ताबन्दीको सुविधा दिनेबारे छलफल गरेको र त्यसमा उद्योगीहरु सकारात्मक रहेको गलत ब्रिफिङ मन्त्रीलाई घिसिङले गरेका थिए । मन्त्रालयका सचिव तथा सल्लाहकारहरुलाई समेत बाहिर राखेर मन्त्रीसँग गोप्य बैठक गर्दै उनले दोस्रोपटक गुमराहमा राखेका थिए । तर त्यसपटक पनि मन्त्रीले यसबारे आफूले मन्त्रीपरिषद्मा छलफल गर्ने तर लाइन भने काट्न नहुने भन्दै क्याबिनेट बैठकतिर लागे ।

घिसिङ भने आफ्नो टिमसहित प्राधिकरण फर्केर उद्योगहरुको लाइन काट्ने तयारीमा लागे । मन्त्रीपरिषद्को औपचारिक बैठक सकिएपछि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री खड्काले महसुल नतिर्ने उद्योगहरुको लाइन काट्ने नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङको अडानबारे छलफल गरेका थिए । त्यसबारे मन्त्री खड्काको ब्रिफिङ सुनेपछि प्रधानमन्त्रीले पछि छलफल गरौंला भन्ने जवाफ दिएका थिए ।

कुलमान घिसिङले डेडिकेटेड र ट्रंक लाइनको विषयलाई राजनीतिक औजारका रुपमा प्रयोग गरेको निष्कर्षमा प्रधानमन्त्री पुगेको एक मन्त्रीले संचारकर्मीलाई बताए । 'प्रधानमन्त्री तत्कालै कुलमानलाई कारबाही गर्ने पक्षमा नदेखिएका कारण बिहीवारको मन्त्रीपरिषद् बैठकमा कुनै निर्णय भएको छैन,' ती मन्त्रीले भने ।

आफूले भनेबमोजिम उद्योगहरुको लाइन नकाट्ने भनेर मन्त्रिपरिषद्ले कुनै निर्णय नगरेपछि घिसिङले धमाधम उद्योगहरुको लाइन काट्न लगाए । बिहीवार साँझ ८ बजेबाट उनले विभिन्न उद्योगहरुको लाइन काट्न थालेका हुन् । यो समाचार तयार पार्दासम्म कम्तीमा डेढ दर्जन उद्योगमा लाइन काटिएको जानकारी प्राप्त भएको छ ।

**के हो डेडिकेटेड र ट्रंक लाइन विवाद**

डेडिकेडेट फिडर र ट्रंक लाइन मार्फत वितरण गरिएको विद्युत् महसुल दरको भुक्तानीलाई लिएर २०७५ सालदेखि विद्युत् प्राधिकरण र उद्योगीहरूबीच विवाद जारी छ । यही विवादमा प्राधिकरणले २४ उद्योगको लाइन गत पुस पहिलो साता काटेको थियो ।

लोडसेडिङका बेला पनि नियमित २० देखि २४ घण्टासम्म विद्युत् लिन चाहने अर्थात् लोडसेडिङमा बस्नु नपर्ने गरी केही उद्योगी-व्यवसायीलाई प्राधिकरणले डेडिकेटेड फिडर र ट्रंक लाइनबाट बिजुली दिन्थ्यो, त्यसमा थप ६५ प्रतिशतसम्म प्रिमियम शुल्क लिन्थ्यो ।

ती ग्राहक जसले लोडसेडिङमा बस्नु परेन, उनीहरूले थप ६५ प्रतिशतसम्मको शुल्क नियमित बुझाएका पनि थिए । तर, विद्युत् प्राधिकरणले २०७५ सालमा ६१ उद्योगीलाई छुट बिल तिर्न भन्दै पत्र पठाएपछि यो विवाद सतहमा आएको हो । २०७२ साउनदेखि सुरु भएको डेडिकेटेड र ट्रंक लाइनको प्रिमियम शुल्क २०७७ असारसम्मै चालु थियो ।

त्यसबेला विभिन्न सरकारी अस्पताल, कार्यालय तथा निजी उद्योग समेत गरेर २ सय ९८ ग्राहकले यस्तो लाइन लिएकोमा पछिल्लो समय ६१ उद्योगको बिलमा भने विवाद भइरहेको छ । कतिपय उद्योगले त्यो संकटपूर्ण कालखण्डमा महँगो दर पर्ने बिजुली उपयोग गरे तर सामान्य दरमा बिल भुक्तानी गरेको प्राधिकरणको दाबी छ । त्यसरी प्रिमियम शुल्क तिर्नुपर्ने कतिपय उद्योगको छुट बिल काटिएको प्राधिकरण बताउँछ ।

उपयोग गरेअनुसार बिल तिर्न आफूहरू तयार भए पनि प्राधिकरणले कुन समयमा कति बिजुली प्रयोग गर्न दिएको थियो भन्ने प्रमाण दिनुपर्ने उद्योगीहरूको अडान छ । यसबीच विद्युत् नियमन आयोगले डेडिकेटेड र ट्रंक लाइनबाट विद्युत् उपभोग गरेका ग्राहकसँग प्राधिकरणले तोकेको मापदण्ड पुगेको प्रमाणका आधारमा मात्रै शुल्क उठाउन पाउने निर्णय गरेको थियो ।

तर, त्यसपछि पनि विवाद समाधान नहुँदा मन्त्रिपरिषद्ले २०८० पुस २४ मा छानबिन आयोग गठन गरेको थियो । आयोगले २३ वैशाख २०८१ मा सिफारिस सहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो । सोही प्रतिवेदनमा २०७२ पुसअघि र २०७५ वैशाखपछिको अवधिको प्रिमियम शुल्क प्राधिकरणले लिन नमिल्ने सिफारिस गरिएको छ ।

२०७२ माघदेखि २०७५ वैशाखसम्म उद्योगहरूले विद्युत उपभोग गरेको दिन र अवधि यकिन गरी पुन: गणना गरेर मात्रै महसुल लिन पाउने सिफारिस गरिएको छ । यो आयोगको सिफारिस कार्यान्वयन गर्ने निर्णय मन्त्रिपरिषद्ले २७ वैशाख २०८१ मा गरेको थियो । त्यसबारे तत्कालीन मुख्य सचिव बैकुण्ठ अर्यालले फरक बेहोराका दुई पत्र ऊर्जा मन्त्रालयमा पठाएका थिए । दोस्रो पत्रका आधारमा विद्युत् प्राधिकरणले पुन: महसुल गणना गरी पुरानै बिलका आधारमा बक्यौता उठाउन उद्योगीहरूलाई पत्राचार गरेपछि विवाद फेरि बल्झिएको छ ।

उद्योगीहरूले बिलको आधार र टीओडी मिटरको तथ्यांक उपलब्ध नगराईकन महसुल नतिर्ने अडान राख्दै आएका छन् । त्यसपछि प्राधिकरणले ६ वटा ठूला उद्योगको लाइन काटिदिएको थियो । प्राधिकरणले ज्यादती गरेको भन्दै बाँकी उद्योगका सञ्चालकहरूले आफैं लाइन काटेका थिए । प्राधिकरण र ग्राहकबीच विवाद कायमै रहेको अवस्थामा लाइन काट्न नमिल्ने भन्दै विद्युत् नियमन आयोगले ६ साउनमा पत्र पठाएपछि प्राधिकरणले ८ साउनमा उद्योगहरुमा लाइन जोडिदिएको थियो ।

तर २४ असोजमा पुन: सूचना जारी गर्दै १५ दिनभित्र बक्यौता नतिरे कानूनबमोजिम कारबाही हुने प्राधिकरणले जनाएको थियो । त्यो म्याद सकिएपछि कुलमानले विहीवार रातीबाट भकाभक लाइन काट्न थालेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# हरर-कमेडी फिल्म 'फिरफिरे फिरिरी'को ट्रेलर रिलिज

काठमाडौं/नेपालमा विरलै प्रयोग भएको जनरा हो, हरर-कमेडी । बलिउडमा यो जनरा सर्वाधिक सफल देखिए पनि नेपालमा प्राय: हरर वा कमेडी कथामा मात्र फिल्म बनेका छन् । छठ पर्वको दिन पारेर कात्तिक २२ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'फिर फिरे फिरिरी' भने हरर-कमेडी हो । अर्थात् फिल्मले हँसाउने र तर्साउने दुवै उद्देश्य बोकेको छ । बिहीबार सार्वजनिक ट्रेलरले पनि कथावस्तुबारे प्रकाश पार्छ ।

२ मिनेट ४२ सेकेण्ड लम्बाईको ट्रेलरले गाउँघरमै बसेर विभिन्न पेशा अंगालेका चार युवकहरुको जीवनमा अचानक एक युवतीको आगमनपछि उत्पन्न परिस्थितिलाई हाँस्य शैलीमा देखाएको छ । ट्रेलरको अन्त्यतिर युवतीलाई भूतको रुपमा प्रस्तुत गर्न खोजिएको छ । 'आज साइकल, भोलि फरारी' ट्यागलाइन दिइएको फिल्मले



दर्शकलाई नयाँ स्वाद दिने छनक ट्रेलरले देखाउँछ ।

'जुलेबी' फेम्ड निर्माता नविन भट्टको निर्देशनमा तयार भएको फिल्मबाट सन्दीप श्रेष्ठ र भावना उप्रेतीले डेब्यु गरेका छन् भने रविना केसी, पिटर प्रिन्स, मनोज कुमार अधिकारी, शंकर सेढाई, सूर्यमान लिम्बू, पुष्प अवस्थी लगायतको पनि अभिनय छ । निर्देशक भट्ट र सन्दीप श्रेष्ठले फिल्मको स्क्रिप्ट तयार पारेका हुन् ।

मनोज कुमार अधिकारी फिल्मका निर्माता हुन् । उनी १५ वर्षपछि निर्माणमा फर्किएका हुन् । उनले यसअघि 'नौ डाँडा पारी' र 'मंगलसूत्र' फिल्म निर्माण गरेका थिए । नितिश पुन सह-निर्माता रहेको फिल्ममा जितु तामाङको छायांकन, केशवराज भट्टको कोरियोग्राफी, एलिस कार्कीको ब्याकग्राउन्ड म्यूजिक, प्रशान्त सिवाकोटीको संगीत तथा अनन्त घिमिरेको सम्पादन छ ।

# अमेरिकामा दुई अभिनेत्रीको लफडा, भएको के हो ?

काठमाडौं/नेपालमा कट्टर दुश्मन मानिएका अभिनेत्रीद्वय पूजा शर्मा र सुष्मा कार्कीको मिलन मिडियामा चर्चाको विषय बनिरहँदा अमेरिकामा दुई अभिनेत्री रञ्जना शर्मा र रुपा उपाध्यायबीचको लफडाले सामाजिक सञ्जाल तताएको छ । रुपाले आफ्नो घरबाट रञ्जनालाई निकालेको भिडियो फेसबुकमा सेअर गरेपछि उनीहरुबीचको विवाद छताछुल्ल भएको हो । यो दशैंपछिको घटना हो ।



रुपाले फेसबुकमा सेअर गरेर पछि डिलिट गरेको साढे ४ मिनेट लामो भिडियोमा उनले रञ्जनाको कपडादेखि सुटकेससम्म घरबाट मिल्काएको देख्न सकिन्छ । र, रञ्जनाले एक युवकसँग मिलेर छरपस्ट सामनाहरु संगालेर गाडीमा हालिरहेकी छन् । रञ्जना र रुपाबीच ठूलै चर्काचर्की परेको छ । तुच्छ गालीगलौज गर्दै एकअर्काको चरित्रमाथि समेत प्रश्न उठाएका छन् ।

रुपाले बनाएको भिडियोमा रञ्जनाले घरको भ्याङ र सडकमा असरल्ल सामान स्याहार्दै भनेकी छन्, 'अब भेट्दा तेरो अन्तिम अवस्था होस् ।' उनले यति भनेपछि रुपा झन् रिसले आगो हुँदै घरबाटै उनको सामान मिल्काइदिएकी छन् । रञ्जनाको सामान घरबाट फ्याक्नुभन्दा अगाडि रुपाले अर्को एउटा भिडियो पनि बनाएकी छन्, जहाँ रञ्जना घरभित्र बच्चा लिएर सोफामा बसेकी छन् भने रुपाले ३० मिनेटमा आफ्नो घरबाट निस्केर जान चेतावनी दिएकी छन् ।

यी दुईवटै भिडियो रुपाले फेसबुकबाट हटाइसकेकी छन् । तर, उनले हटाए पनि भिडियो फेसबुक तथा टिकटकमा छ्यापछ्याप्ती बनेको छ । प्राप्त जानकारी अनुसार रञ्जनाले रुपालाई दिदी मान्ने गरेकी थिइन् । यसैले उनी केही दिन बस्ने गरी दशैं मान्न रुपाको अमेरिकास्थित बोस्टनमा रहेको घर गएकी थिइन् । त्यही बेला उनीहरुबीच बच्चाको विषयलाई लिएर विवाद भएको बताइन्छ ।

रञ्जनासँग परेको झगडाको भिडियोलाई लिएर रुपाले स्पष्टीकरण समेत दिएकी छन् । बुधबार फेसबुकमा एक भिडियो पोस्ट गर्दै उनले भनेकी छन्, 'मेरोमा आएको गेस्टले मलाई नानाथरी भनेर गाली गर्न थाल्यो । त्यसपछि मैले यस्तो त राम्रो होइन, तिमी आफ्नो बाटो लाग भनें । उसले उल्टै तलाइँ तेरै घरबाट निकाल्छु भन्यो । मान्छे पठाएर मार्न लगाउँछु समेत भन्यो । त्यस्तो भन्ने मान्छेलाई घरमा राख्नु त भएन नि !' रञ्जनाले आफ्नो शरीरमा घाउ बनाइदिइएको समेत उनको आरोप छ ।

रञ्जना र रुपा दशक अघिका स्थापित अभिनेत्रीहरु हुन् । रञ्जनाले 'ध्रुव तारा', 'सञ्जीवनी', 'मौसम', 'इज्जतदार', 'सलाम छ मायालाई' लगायत आधा दर्जन बढी फिल्ममा काम गरेकी छन् भने रुपाले 'को होला मेरो मायालु' लगायतका फिल्ममा अभिनय गरेकी छन् । उनीहरु दुवै एक दशकदेखि अमेरिकामा बस्दै आइरहेका छन् ।

# श्रीलंकालाई हराउँदै नेपाल समूह विजेता, सेमिफाइनलमा भारतसँग खेल्ने

काठमाडौं/साफ वुमन्स च्याम्पियनसिपमा श्रीलंकालाई ६-० ले पराजित गर्दै नेपाल समूह बी को विजेताको रुपमा सेमिफाइनलमा प्रवेश गरेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा नेपालका लागि रेखा पौडेलले दुई, सबिता राना मगर, सावित्रा भण्डारी, अमिसा कार्की र रश्मी कुमारी घिसिङले एक-एक गोल गरे ।

जितपछि नेपाल र भुटानले समूह बीमा ३ खेलबाट समान ७ अंक जोडे । तर गोल अन्तरमा नेपाल अघि रह्यो । नेपाल र भुटान दुवैले समान १७ गोल गरे । तर नेपालले कुनै गोल खाएन भने भुटानले एक गोल खाएको थियो । साफ वुमन्स च्याम्पियनसिपमा अहिलेसम्म भएको सबै सातवटै संस्करणमा नेपाल सेमिफाइनल पुगेको छ । नेपालले अब सेमिफाइनलमा आइतबार समूह ए को उपविजेता भारतसँग प्रतिस्पर्धा गर्नेछ । अर्को सेमिफाइनलमा समूह ए को विजेता बंगालदेश र समूह बी को उपविजेता भुटान भिड्नेछन् ।

दशरथ रंगशालमा सात हजार भन्दा बढी दर्शकमाझ नेपालले सुरुवाती १३ मिनेटमै ३ गोल गर्दै शानदार सुरुवात गरेको थियो । खेलको आठौं मिनेटमा सबिताले गोल गर्दै नेपाललाई अग्रता दिलाएकी थिइन् । सावित्राले दायाँ साइडबाट उपलब्ध गराएको क्रसमा पेनाल्टी स्पट ठीक अगाडिबाट सबिताले वान टचमै गोल गरिन् ।



जारी साफमा पहिलो पटक खेलिरहेकी सावित्राले ११औं मिनेटमा उत्कृष्ट गोल गर्दै नेपालको अग्रता दोब्बर पारिन् । प्रीति राईको थ्रु पासमा विमल विकले दिएको पासमा सावित्राले करिब २५ यार्ड टाढाबाट सुन्दर गोल गरेकी थिइन् । यस संस्करणमा पहिलो गोल गरेकी सावित्राले नेपालका लागि गोल संख्या ५४ पुर्‍याइन् ।

त्यसको दुई मिनेटपटि नै रेखाले अमिसा कार्की पासमा गोल गर्दै नेपालको अग्रता ३-० बनाइन् । अघिल्लो खेलमा माल्दिभ्सविरुद्ध एक्लै पाँच गोल गरेकी रेखाको जारी साफमा यो छैटौं गोल हो । रेखाले नै ३६ औं मिनेटमा व्यक्तिगत दोस्रो गोल गरेपछि नेपालले पहिलो हाफमा ४-० को अग्रता बनायो । सावित्राले श्रीलंकाकी डिफेण्डरलाई छलाउँदै बक्स भित्रबाट हानेको बल रेखालाई लाग्दै गोल भएको हो ।

श्रीलंकाविरुद्ध दुई गोल गरेपछि रेखा भुटानकी देकी लाजोमसँगै संयुक्त रुपमा सर्वाधिक गोल गर्ने सूचीमा शीर्ष स्थानमा छिन् ।

दोस्रो हाफको सुरुवात देखि नै नेपालले विपक्षीमाथि लगातार दबाब बनायो । त्यसको नतिजास्वरुप नेपालले ४७औं मिनेटमा पाँचौ गोल गर्‍यो । सबिता राना मगरको पासमा अमिसा कार्कीले गोल गर्दै नेपालको अग्रता ५-० बनाइन् । त्यसपछि पनि नेपालले लगातार श्रीलंकाको पोष्टमा आक्रमण गरिरह्यो । तर फिनिसिङ कमजोर रह्यो ।

दोस्रो हाफमा श्रीलंकाली किपर आरजी विरासिंघा व्यस्त रहिन् । उनले नेपालको आक्रमणलाई लगातार विफल पारिन् । ८३औं मिनेटमा रेखा पौडेलले गोल गरेपनि मान्यता पाएन । अनिता बस्नेतको कर्नरमा सावित्राले बक्स भित्रबाट हानेको हेडर बारमा लागेर पर्केपछि सिक्स यार्ड बक्समा रहेकी रेखाले हेडमार्फत सहजै गोल गरेपनि असिस्ट्यान्ट रेफ्रीले अफसाइड झण्डा उठाइदिए ।

तर इन्जुरी टाइमको चौथो मिनेटमा रश्मीकुमारी घिसिङले अनिता बस्नेतको कर्नरमा हेड मार्फत गोल गर्दै नेपाललाई ६-० को जित दिलाइन् र समूह विजेता बनाउन योगदान गरिन् । अब आइतबार पहिलो सेमिफाइनल बंगलादेश र भुटान तथा दोस्रो सेमिफाइनल नेपाल र भारतबीच हुनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# अर्थशास्त्रको नोबेल पुरस्कार....

यसबाट शक्ति र स्रोतको अति केन्द्रीकरण रोक्न निकै सहयोग मिल्छ । सेवामा सहजता र समयबद्धताले सुशासनलाई मलजल गर्दछ । राज्यले गर्ने हरेक कार्यमा जवाफदेहिता हुँदा नागरिकले आफूलाई मालिक भएको अनुभूति गर्दछन् । यस्तो काम समावेशी संरचनाले मात्र गर्न सक्छ । यस विपरीत यदि सार्वजनिक संस्थाहरु शोषणमुखी छन् भने देशमा विपरीत परिस्थिति उत्पन्न हुन्छ । केहि व्यक्तिहरु मात्र सम्पन्न हुँदै जाने अवस्था सिर्जना हुँदा देशमा निराशा र कुण्ठाको वातावरण देखा पर्दछ । यस हिसाबले यसिमग्लुहरुले राजनीतिक समावेशितामा बढी जोड दिएका छन् । किनभने राजनीतिले नै सबै कुरा निर्धारण गर्दछ ।

(ग) सार्वजनिक वस्तु तथा सेवाको प्रवाह : सार्वजनिक निकायहरुबाट अति आवश्यक वस्तु तथा सेवाहरुको प्रवाहमा सुलभता आउँछ । निजी क्षेत्रले यस्ता सेवामा कि प्रवेश गर्न चाहँदैन, कि त्यो सेवा महँगो हुन पुग्छ । ऊर्जा, यातायात, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा राज्यको लगानी बढाई सार्वजनिक वस्तु तथा सेवाको प्रवाहमा सुलभता ल्याउनु अति जरुरी हुन्छ । यस्तो सेवाबाट मानवपूँजीसमेत निर्माण सहज हुन सक्छ । अन्तत: योग्य र सामर्थ्यवान् नागरिक उत्पादन हुँदै आर्थिक समृद्धि हासिल गर्न सकिन्छ । यसिमग्लुहरुले जहिले पनि राज्य समावेशी संरचनाको पक्षमा हुनुपर्ने कुरामा जोड दिएका छन् । उनीहरुले डेनमार्क र स्वीडेनको उदाहरण दिएर बलियो कल्याणकारी राज्य निर्माणको निम्ति प्रोत्साहित गरेका छन्, जहाँ व्यापक शिक्षा तथा स्वास्थ्यको सुविधाको परिणामस्वरुप उच्च स्तरको मानवपूँजीको माध्यमबाट दीर्घकालीन आर्थिक वृद्धि हासिल गर्न सम्भव भएको कुरामा जोड दिएका छन् ।

(घ) व्यावसायिकता तथा नवप्रवर्तनलाई उत्साह : बलियो कानुनी राज्य भएका मुलुकले जहिले पनि व्यावसायिकता तथा नवप्रवर्तनलाई जोड दिनुपर्दछ । यसको निम्ति आवश्यक वित्तीय सहयोग, प्रतिस्पर्धात्मक बजारको सुनिश्चितताका साथै अनुसन्धान र नयाँ-नयाँ खोजलाई विषेश प्रोत्साहन दिइन्छ । उद्यमीहरुको निम्ति बजार पूर्वाधारको व्यवस्था मिलाइन्छ । जोखिमविरुद्धको सुरक्षाका प्रवन्ध मिलाइन्छ । उत्पादनका हरेक चरणमा राज्यबाट सहजीकरण गरिनुका साथै निजी क्षेत्रले खेल्नुपर्ने भूमिकालाई पनि संस्थागतरुपले किटान गरिनुपर्दछ । यसो गर्दा समाजमा नयाँ-नयाँ विचार र सीपहरुको उत्पादन वृद्धि हुँदै आर्थिक विकासको यात्रा सहजरुपमा अगाडि बढ्दछ ।

निष्कर्ष :

समग्रमा लेखकहरु के कुरामा जोड दिन्छन् भने, आर्थिकरुपले बलियो अर्थतन्त्र निर्माण गर्न चाहने मुलुकले माथि उल्लिखित चार बुँदाहरु अनिवार्यरुपमा पालना गर्नुपर्दछ । यसको पूर्वसर्तको रुपमा राजनीतिक समावेशिताको माध्यमबाट समावेशी संरचना निर्माणमा सबै देशहरुले ध्यान दिनुपर्दछ । दिगो आर्थिक विकासका निम्ति समावेशिता, जवाफदेहिता, पारदर्शिता र सुशासन बिर्सनै नहुने विषयवस्तु हुन् ।

*(साभार: न्यूज अफ नपाल)*

# 'सानो संसार'को दोस्रो प्रिमियर : मदनकृष्ण भन्छन्, 'मलाई त हेर्नै पुगेन'

काठमाडौं/फिल्म 'सानो संसार' गत असोज ११ गते प्रदर्शनमा आएको थियो । तर, प्रदर्शनको दिनदेखि परेको निरन्तरको वर्षाले देशभरको जनजीवन प्रभावित भएपछि निर्माताले दुई दिनमै फिल्मलाई हलबाट उतार्ने निर्णय गरेका थिए । अब शुक्रबारबाट फिल्मलाई पुन: प्रदर्शन गरिँदैछ । पहिलो प्रदर्शनको बेला गरिएको प्रिमियरमा फिल्मले अब्बल प्रतिक्रिया पाएको थियो । बुधबार फिल्मको दोस्रो प्रिमियर गरियो, जहाँ प्रशंसाको वर्षा नै भयो ।

अस्वस्थताका बावजूद प्रिमियरमा पुगेका कलाकार मदनकृष्ण श्रेष्ठले फिल्मको कथा र कलाकारहरुको अभिनय एकदमै स्वभाविक रहेको बताए । उनले भने, 'मलाई हेर्नै पुगेन फिल्म । हेरिरहुँ जस्तो, बसिरहुँ जस्तो भइरह्यो । अभावको जिन्दगी विताइरहेको परिवारको कथालाई स्वभाविक रुपमा देखाइएको छ । हरेक कलाकारको अभिनय पनि स्वभाविक छ ।'

कलाकार हरिवंश आचार्यले कलाकारको अभिनयदेखि छायांकन पक्षको प्रशंसामा शब्द खर्चिए । 'फिल्मले आमा-बुबाप्रतिको दायित्व र कर्तव्यलाई एकदमै राम्रोसँग देखाएको छ । निर्देशक र छायांकन फिल्मको राम्रो पक्ष हो । लामा-लामा सटहरु साह्रै मज्जासँग लिइएको छ,' उनले भने, 'कलाकारहरुको अभिनय त कसको राम्रो भनेर छुट्याउनै सकिँदैन । हरेकको एकसेएक छ ।'

निर्देशक तुलसी घिमिरे 'सानो संसार'लाई 'परफेक्ट' पारिवारिक फिल्म मान्छन् । 'धेरैपछि 'परफेक्ट' पारिवारिक फिल्म हेर्न पाएँ । यो फिल्मबाट हामीले धेरै कुरा सिक्नुपर्छ । नेचुरल अभिनय भनेको के हो त्यो यसमा देखिन्छ । क्यामेरा वर्क एकदमै राम्रो छ । निर्देशन पक्ष सबल छ । यो फिल्म मैले सोचेकोभन्दा धेरै माथि छ । नहेरेको भए राम्रो चीज छुट्ने रहेछ,' उनले भने ।

प्रिमियरमा सहभागी भएकी अभिनेत्री सुरक्षा पन्तले भने फेसबुकमार्फत् फिल्मको प्रशंसा गरेकी छन् । कलाकारहरुको मेहेनत र निर्माताको सानो कथाप्रतिको सम्मान फिल्ममा मज्जाले देखिएको उनको भनाई छ । त्यस्तै, कलाकार केदार घिमिरे 'सानो संसार'लाई नेपालको बजार सुहाउँदो फिल्म मान्छन् । फिल्म हेर्दा रमाइलो र मज्जा आएको उनको प्रतिक्रिया थियो । प्रिमियरमा पुगेका अन्य सेलिब्रेटीहरुले पनि फिल्मको मुक्तकण्ठले प्रशंसा गरेका थिए ।

फिल्मका निर्माता अर्जुन कुमार प्रिमियरमा प्राप्त प्रतिक्रियाले प्रफुलित देखिएका थिए । तर, मल्टीप्लेक्सहरुमा कम शो पाएकोमा उनले असन्तुष्टि व्यक्त गरे । उनले सञ्चारकर्मीसँग भने, 'त्यो फेयर भएन । शो नै नपाएपछि दर्शक कहाँ आउँछन् अनि कहाँ हेर्छन् ? कमसेकम हरेक हलले एक/एक शो भए पनि दिन आग्रह गर्छु । बरु मान्छे आएन भने हटाउनुस् तर सुरुमा शो त दिनुस् ।'

*(स्रोत: फिल्मीखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# दीपावलीको अवसरमा बकैयामा जेके एफसी कप सुरु



साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ शुभदीपावली (तिहार)को अवसर पारेर मकवानपुरको पूर्वीक्षेत्रस्थित बकैया गाउँपालिका-९ च्याउच्याउमा जेके एफसी कप सुरु भएको छ ।

बकैयाको जेके फुटवल क्लवको आयोजनामा विहीबारबाट सुरु भएको उद्घाटन खेलमा जेके एफसी 'ए' ले कान्द्राङ एफसीलाई १०-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । क्लवका अध्यक्ष बीरबहादुर सिंतानको सभाध्यक्षता तथा नेपाली कांग्रेस बागमती प्रदेश सभापति एवम् बागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा उद्घाटन भएको थियो ।

बल हस्तान्तरण पछि उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै प्रमूख अतिथि बानियाँले खेलको माध्यमबाट देशलाई चिनाउने कार्यको सुरुवात भैरहेको बताए । क्रिकेट, फुटलवललगायत खेलको माध्यमबाट विस्तारै नेपालको नाम चर्चामा आउन लागेको बताउँदै नेता बानियाँले संघीय, प्रदेश र स्थानीय सरकारले पनि खेलमा लगानी बढाउनुपर्ने धारणा राखे ।

कार्यक्रममा बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछाने, पूर्वअध्यक्ष दामोदर खनाल, बकैया-९ का वडा अध्यक्ष टंकध्वज लोप्चन, बकैया खेलकुद विकास समितिका संयोजक विजय थिङलगायतले मन्तव्य व्यक्त गरे । कात्तिक १४ गतेसम्म संचालन हुने प्रतियोगितामा २६ टिमले सहभागिता जनाएको क्लवका अध्यक्ष सिंतानले जानकारी दिए । प्रतियोगितामा प्रथम र द्वितीय हुने टिमले क्रमश: नगद ३० हजार र १५ हजारसहित ट्रफी र प्रमाणपत्र पाउने छन् ।

# ४ दलबीचको भागबण्डापछि रेडक्रसमा सहमति, ५६ सदस्यीय तदर्थ समिति

काठमाडौं, ८ कात्तिक/ सत्तारुढ र विपक्षी दलहरुबीच सहमति भएपछि नेपाल रेडक्रस सोसाइटीमा देखिएको विवाद अन्त्य भएको छ । ३ कात्तिकमा रेडक्रसमा हाल क्रियाशील रहेका दुई समानान्तर समितिबीच समायोजन भएको छ । नयाँ कार्यसमितिका पदाधिकारी र सदस्यमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीले भागबण्डा गरेका छन् ।

कांग्रेस निकट सुदर्शन प्रसाद नेपाल अध्यक्ष रहनेछन् भने एमालेनिकट चन्द्रकला कार्की उपाध्यक्ष र एकीकृत समाजवादी निकट भूपतिलाल श्रेष्ठ महामन्त्री रहने सहमति भएको छ । पदाधिकारीका सबै दललाई भाग पुऱ्याउने गरी सहमति गरिएको छ । रेडक्रसमा ३३ जनाको निर्वाचित कार्यसमिति र दुई जना मनोनित गरेर बढीमा ३५ जनाको समिति हुने विधानले व्यवस्था गरेको छ ।

अघिल्लो कार्यकालको अध्यक्ष र समाज कल्याण परिषद्ले तोकेको एक जना गरी दुई जना मात्रै मनोनित गर्ने व्यवस्था छ । उक्त व्यवस्था विपरीत ५६ जनाको तदर्थ समिति बनाइएको छ । केन्द्रीय समितिलाई मनोनित गर्ने अधिकार नभएको नेत्र तिम्सिना नेतृत्वको समितिका महामन्त्री दीपेन्द्र ढकाल बताउँछन् । 'केन्द्रीय समितिलाई पदाधिकारी र सदस्य मनोनित गर्ने अधिकार छैन । विधानले ३३ निर्वाचितसहित बढीमा ३५ जनाको समिति बनाउन भनेको छ', ढकाल भन्छन्, '५६ जना बनाएर विधान मिच्ने काम भएको छ ।'

तदर्थ समितिमा सबैभन्दा ठूलो हिस्सेदारी कांग्रेसले पाएको छ । केन्द्रीय समितिमा कांग्रेसबाट अध्यक्ष, उपाध्यक्ष, उपमहामन्त्री र सदस्य गरी २५ जना पद पाएका छन् । कांग्रेसबाट पदाधिकारी बन्नेहरुमा प्राध्यापक सुर्दशनप्रसाद नेपाल अध्यक्ष, सुरेन्द्रसिंह ऐन उपाध्यक्ष र मनोजकुमार थापा उपमहामन्त्री बनेका छन् । भागबण्डा गर्ने सहमति जुटेपछि एमाले समर्थित पूर्वअध्यक्ष डा. नेत्र तिम्सिनाले अदालतमा पेश गरेको अवहेलनाको मुद्दा फिर्ता लिएका छन् ।

तिम्सिना अध्यक्ष हुँदा उपाध्यक्षको भूमिकामा रहेकी चन्द्रकला कार्कीलाई सोही पदमा कायम राख्ने सहमति जुटेको छ । सत्ताको नेतृत्व गरेको एमालेलाई पदाधिकारीमा कार्यकारी भूमिका भने दिइएको छैन । एमालेबाट कार्यसमितिमा १७ जनाले भाग पाउँदा पदाधिकारीमा कार्की मात्रै छिन् । एमालेको पक्षबाट नेतृत्व गर्दै विस्तारित समितिमा पुगेकी उपाध्यक्ष कार्की पार्टीगत रुपमा भागवण्डा नगरिएको दाबी गर्छिन् ।

'पार्टीगत हिसाबले मिलेको होइन । रेडक्रसकर्मीहरु मिल्नुपर्छ भनेर समिति बनाएका हौं', कार्कीले संचारकर्मीसँग भनिन्, 'संस्थाको गरिमा जोगाउनका लागि नै सबै मिलेका हौं ।' प्रमुख प्रतिपक्ष दल माओवादी केन्द्रबाट ८ जना समितिमा समावेश छन् । माओवादीबाट पदाधिकारीमा राधा नेपाली उपाध्यक्ष र बीरबहादुर बस्नेत कोषाध्यक्ष बनेका छन् । अर्को प्रतिपक्ष दल एकीकृत समाजवादीलाई महामन्त्री र उपकोषाध्यक्ष सहित ६ जना केन्द्रीय सदस्य दिइएको छ । एकीकृत समाजवादी निकट भूपतिलाल श्रेष्ठ महामन्त्री बनेका छन् । चार दलमा सहमति बनेपछि अध्यक्ष नेपाल, उपाध्यक्ष राधा नेपाली, महामन्त्री श्रेष्ठ र उपमहामन्त्री मनोजकुमार थापा अन्तर्राष्ट्रिय रेडक्रसको कार्यालय स्वीटजरल्याण्डको जेनेभा गएका छन् ।

केन्द्रीय समिति भागवण्डाबाट टुंग्याउन चार दल सहमत बनेपछि तिम्सिना पक्षले चलाउँदै आएको तदर्थ समिति भंग भएको छ । २०७७ सालदेखि रेडक्रस तदर्थ समितिमा चल्दै आएको छ । संस्थाका पूर्वअध्यक्ष सञ्जीव थापाको कार्यसमिति भंग गरेर १२ साउन २०७७ मा तिम्सिनालाई तत्कालीन नेकपाको सरकारले अध्यक्ष बनाएको थियो । आर्थिक नियमितता र निर्वाचित कार्यसमिति ल्याउन नसकेको कारण थापाको कार्यसमिति भंग गरिएको थियो ।

२०७९ साल पुसदेखि संस्थामा समानान्तर दुई कार्यसमिति थिए । कांग्रेस-माओवादी केन्द्र र एकीकृत समाजवादीको एउटा कार्यसमितिलाई कांग्रेस निकट सुदर्शन नेपालले नेतृत्व गरिरहेका थिए । अर्कोतर्फ, एमाले निकट तिम्सिनाको नेतृत्वमा समानान्तर समिति थियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको समयमा संस्थाको अध्यक्ष बनेका तिम्सिनालाई कांग्रेस-माओवादी-एकीकृत समाजवादी लगायतको सत्ता गठबन्धनले हटाएको थियो । त्यसविरुद्ध तिम्सिना अदालत गएर आफ्नो पक्षमा अन्तरिम आदेश ल्याएका थिए ।

*(स्रोत: अनलाइनखबर)*


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

### अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७


# 'हेक्सो ब्लेड' खरिदले पत्ता लाग्यो हेटौंडा सिमेन्टको तार चोरी

साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगबाट लाखौं मूल्यको बिजुलीको तार चोरी गर्ने गिरोहलाई प्रहरी नियन्त्रणमा ल्याउन 'हेक्सो ब्लेड' खरिद गरेको सूचनाले सफलता दिलाएको छ ।

२३ असोज बिहान २ बजे हेटौंडा उपमहानगरपालिका-९ लामसुरेस्थित उद्योगबाट तार चोरी भएको थियो । प्रहरीको अनुसन्धानबाट उद्योगको तार चोरी योजनाबद्ध रुपमा एउटा समूहले गरेको खुल्यो । १ कात्तिकमा प्रहरीसमक्ष तार चोरी भएको उजुरी परेको थियो । घटनाको हप्ता दिनपछि मात्रै प्रहरीले जानकारी पाएको हो ।

प्रहरीले चोरीमा संलग्न भएको आरोपमा मनिराम थोकर, सन्तबहादुर तितुङ र चोरीको तार खरिद गर्ने कबाड व्यवसायी दिलखुशकुमार साहलाई पक्राउ गरेको छ । हेटौंडा उपमहानगरपालिका-१३ वनस्पतिका २२ वर्षीय मनिरामले फलामको धातु काट्न प्रयोग हुने हेक्सो ब्लेड खरिद गरी लगेको अनुसन्धानबाट खुलेपछि चोरीमा संलग्न गिरोह नजिक पुग्न प्रहरीलाई सजिलो भएको थियो । प्रहरीले थोकरलाई ७ कात्तिकमा हार्डवयर पसलबाट पक्राउ गरेको थियो ।

थोकरले १३ नम्बर वडाकै २८ वर्षीय सन्तबहादुर तितुङलगायत अन्य ५-७ जना व्यक्तिहरु मिलेर बिजुलीको तार चोरी गरेको प्रहरीलाई बताएका छन् । उनीहरुले तार चोरेर उद्योग नजिकै प्लटिङ गरेको जग्गामा ल्याएर छिलि हेटौंडा-४, स्थित फरेष्ट्री गेट नजिकको कबाडी पसलमा बिक्री गरेको खुलेको मकवानपुरका प्रहरी प्रमुख एसपी विश्वराज खड्काले जानकारी दिए ।

उद्योगको पश्चिमतर्फको रोपवेदेखि क्रसरसम्म जाने ६ इन्च र ४ इन्चको बिजुलीको तामाको तार काटेर चोरी भएको तथ्य प्रहरीले पत्ता लगाएको मकवानपुरका प्रहरीप्रमुख प्रहरीउपरीक्षक खड्काले जानकारी दिए । प्रहरीले घटनास्थल तथा उद्योगको सुरक्षार्थ खटिएका सुरक्षा गार्ड र स्थानीयलाई अनुसन्धान गर्ने क्रममा चोरी भएका तारको बाहिरी खोल उद्योग नजिक प्लटिङ गरिएको जग्गामा फेला पारेपछि रहस्यमय घटनाको १५ दिनमा आरोपित पक्राउ परेका छन् । घटनामा संलग्न अन्यको खोजी भइरहेको उनले बताए ।

# लाईभ सेलो साँझको तयारी पूरा

साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ बागमती प्रदेशको राजधानी हेटौंडामा भोलि कार्तिक ९ गते हुने 'लाईभ सेलो साँझ-२०८१' कार्यक्रमको तयारी पूरा भएको छ ।

ओपेरा इन्फोटेन्मेन्ट मिडिया प्रालिको आयोजनामा हुन लागेको एतिहासिक कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको प्रालिका संचालक तथा कार्यक्रम संयोजक विक्रम लुङबाले जानकारी दिए । यसअघि असोज १९ गते हुने भनिएको कार्यक्रम विषेश कारणबस् स्थगित गरिएको थियो । निरन्तर वर्षाका कारण देशव्यापीरुपमा आएको विपत्ति र भौतिक तथा मानवीय क्षतिले सिंगो देश नै शोकमा डुबेको बेला यस्तो मनोरञ्जनात्मक कार्यक्रम आयोजना गर्नु समय सान्दर्भिक नदेखिएकोले कार्यक्रम सारिएको संयोजक लुङबाले बताए ।

कार्यक्रममा खाजाको व्यवस्था हुने गरी प्रवेश शुल्क बापत टिकटको एक हजार रुपैयाँ तय गरिएको छ । कार्यक्रममा सहभागी हुन चाहनेको लागि हेटौंडाको साईला सप्लायर्स तामाङ पसल र तिबेतियन लाफिङ हाउसमा टिकट उपलब्ध रहेको उनले बताए । यस्तै, सोही दिन कार्यक्रम स्थलमा पनि टिकट उपलब्ध हुने बताइएको छ ।


## हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयद्वारा

### अव्यवस्थित केवल तारहरू हटाउने/व्यवस्थित गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

*(सूचना प्रकाशित मिति: २०८१ कार्तिक ९)*

यस हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र विभिन्न केवल नेटवर्क व्यवसायीहरुले आफ्नो मनोमानी रुपले नगरको मूख्य बजार क्षेत्रमा विद्युतिय पोलहरुमा अनाधिकृत र अव्यवस्थित रुपमा केवलतार टाँग्ने गरेको र त्यसबाट नगरको सौन्दर्यतामा आँच आउनुका साथै कुनै पनि समयमा दुर्घटना भई मानवीय एवं धनजनको क्षति हुन सक्ने हुँदा त्यस्ता व्यवसाय सञ्चालन गर्ने व्यवसायीले आफ्नो केवल तार व्यवस्थित गरी लैजाने व्यवस्था ७ (सात) दिनभित्र मिलाउनु हुन सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ। यस सूचनालाई बेवास्ता गरी नगरको सौन्दर्यमा आँच पुर्यानउने र संभावित दुर्घटना हुन सक्ने केवल तार उपमहानगरपालिका स्वयंले हटाई त्यसको हटाउँदा लागेको लागत सम्बन्धित व्यवसायीबाट असुलउपर गरिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**हेटौंडा उपमहानगरपालिका**

## सेवा नै धर्म हो, रक्तदान जीवनदान

'मानव जीवना अतुलनीय, अनुकरणीय काम' भन्ने मुल मन्त्र भएको हदाँ AB± Positive Blood आवश्यकता परेको हुँदा सो ग्रुपको रगत भएको महानुभावले ब्लड बैंक हेटौंडामा यथाशिघ्र सम्पर्कमा आई रगत दिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**सम्पर्क नं.**

**९८४५०२९९७७ (टंक दाहाल), ९८५५०६९३६८ (पुर्ण प्रसाद अर्याल)**





# हेटौंडा जेसीजद्वारा लागूऔषधविरुद्ध अभिमुखीकरण

साझाकुरा संवाददाता



हेटौंडा, ८ कात्तिक/ हेटौंडा जेसीजले हेटौंडा-९ लामसुरेधाप स्थित सिआन महिला पुन:स्थापना केन्द्रमा लागूऔषधविरुद्ध अभिमुखीकरण गरेको छ ।

जेसीजले हेटौंडा-९ स्थित टोल विकास संस्था र आमा समूहका प्रतिनिधिको उल्लेख्य उपस्थितिमा लागूऔषधविरुद्ध सचेतना जगाउँदै जेसीज सप्ताह २०२४ को छैठौं कार्यक्रम सम्पन्न गरेको हो । कार्यक्रममा लागूऔषध दूर्व्यशनीका कारण, दूर्व्यशनीले व्यक्ति र समाजमा पार्ने नकारात्मक प्रभाव, कुलतबाट छुटकारा पाउने उपाय लगायतका विषयमा सिआनकी कार्यक्रम संयोजक सन्जु लामिछाने र डाइरेक्टर सौजन डिसीले सहभागीलाई सहजीकरण गरेका थिए ।

इलाका प्रहरी कार्यालय पशुपतिनगरकी प्रहरीनिरीक्षक विमलाकुमारी कठायतको प्रमुख आतिथ्यता तथा हेटौंडा जेसीज वर्ष २०२४ का अध्यक्ष विकेशलाल श्रेष्ठको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कठायत र श्रेष्ठले लागूऔषध दूर्व्यसनी न्यूनीकरणका लागि समुदायका सबै मानिस जिम्मेवार भएको भन्दै त्यसका लागि सबैले आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

जेसीजका निवर्तमान अध्यक्ष श्रवणाकुमार बर्तौला, पूर्वअध्यक्ष राजदेव बानियाँ, अध्यक्ष सल्लाहकार कृष्णाराम न्यौपाने, स्थानीय विभिन्न संघसंस्थाका प्रतिनिधिलगायतको उपस्थितिमा कार्यक्रम भएको जेसीजका कार्यकारिणी उपाध्यक्ष एवम् सप्ताहव्यापी कार्यक्रमका मूल कार्यक्रम संयोजक विवेकआनन्द न्यौपानेले जानकारी दिए । कार्यक्रमको संयोजन अनिस्क बानियाँले गरेका हुन् ।

# थाहामा प्लाष्टिकको फूल किनबेच गर्न रोक

साझाकुरा संवाददाता

हेटौंडा, ८ कात्तिक/ मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकाले प्लास्टिकका माला तथा पुष्प सामग्री बिक्री गर्न रोक लगाएको छ । ८ कार्तिकमा सार्वजनिक सूचना नै निकालेर नगर पालिकाले प्लास्टिकका माला तथा पुष्प सामग्री किनबेचमा प्रतिबन्ध लगाएको हो ।

तिहार तथा छठ पर्वमा प्लास्टिकका माला तथा पुष्प सामग्री अत्यधिक प्रयोग हुनसक्ने र यस्ता प्लास्टिकजन्य पदार्थको प्रयोग तथा बिसर्जनबाट जनस्वास्थ्य र वातावरणमा नकारात्मक असर पर्नेभन्दै थाहानगरको स्थानीय सरकारले प्रयोगमा प्रतिबन्ध लगाएको हो । साथै स्थानीयस्तरमा उत्पादित फूललाई प्रोत्साहन गर्नको लागि शुभदीपावली तथा छठ पर्वमा प्लास्टिकका माला तथा पुष्प सामग्री बिक्रीवितरण र प्रयोग नगर्न र नगराउन पनि थाहा नगरपालिकाको आह्वान छ ।

पालिकाले सार्वजनिक गरेको सूचना अनुसार-थाहा नगर पालिकालाई सफा सहर बनाउन हरेक व्यक्तिको कर्तव्य रहेको स्मरण गराउँदै आयातित प्लाष्टिकका फूलमाला प्रयोगलाई बन्देज लगाइएको सूचनामा उल्लेख छ । प्लाष्टिकको फूलमालाको प्रयोगपश्चात सार्वजनिक स्थान, सडक, नदीमा फाल्ने जलाउने गर्दा वायूप्रदुषण भई मानवस्वास्थ्यमासमेत असर हुने भएकोले त्यस्ता सामग्री बिक्रीवितरण तथा प्रयोग नगर्न प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीद्वारा जारी सार्वजनिक सूचनामा उल्लेख छ ।

पालिकाले तिहारमा स्थानीयस्तरमा उत्पादित प्राकृतिक फूलको प्रयोग गरी स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न नगर बासीलाई आग्रह गरिएको छ । नगरपालिकाले जारी गरेको सूचना उल्लंघन भएमा कानुन बमोजिम कारबाही हुने सूचनामा उल्लेख छ ।


## १५ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि. हेटौंडा-०४ कान्तिराजपथको यही मिति २०८१ साल कात्तिक ०९ गते शुक्रबारका दिन १५ औं वार्षिक साधारण सभा हुने भएकोले सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई उक्त वार्षिक साधारण सभामा उपस्थिति हुनको लागि पत्र पठाई सकेको हुनाले कथंकथाचित पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी तपशिलको स्थानमा उपस्थितीको लागि हार्दिक अनुरोध छ ।

**तपशिल:**

मिति : २०८१ साल कात्तिक ०९ गते शुक्रबार
स्थान : पाञ्चायन साकोस, हेटौंडा-४, कान्तिराजपथ
समय : बिहान १०:३० बजे ।

अकल सिंह लामा (सचिव)

**पाञ्चायन बचत तथा ऋण सहकारी संस्था लि.**

हेटौंडा-४, कान्तिराजपथ, मकवानपुर

फोन नं. ०५७-५२६७४१

## २६ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस बहुउद्देश्यीय सहकारी संस्थाको २६ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गइरहेको ब्यहोरोको सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्रद्वारा जानकारी गराइसकिएको छ, कारणवश पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी साधारणसभामा अनिवार्य उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम :**

| | | |
|---|---|---|
| मिति | : | २०८१/०७/१० गते शनिबार |
| समय | : | बिहान ११:०० बजे |
| स्थान | : | हेटौंडा-२, पल्पसा प्याराडाइज होम |

**छलफलका बिषयहरु :**

१. अध्यक्षज्युको प्रतिवेदन सम्बन्धमा ।
२. वार्षिक प्रगति तथा नीति कार्यक्रमसहितको सचिबज्युको प्रतिवेदन सम्बन्धमा ।
३. कोषाध्यक्षज्यूबाट आ.ब.२०८०/२०८१ को प्रतिवेदन एवम् भावी नीति तथा कार्यक्रम सम्बन्धमा ।
४. आ.व.०८०/०८१ को वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
५. आन्तरिक लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
६. आ.व.२०८१/०८२ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७. सञ्चालक समिति एवम् लेखा समितिको पदपूर्ति सम्बन्धमा।
८. शेयर लाभांश एवम् संरक्षित पूँजी कोष फिर्ता वितरण सम्बन्धमा ।
९. संस्थाको आवश्यकताअनुसार घर/घडेरी खरिद एवम् बिक्री सम्बन्धमा ।
१०. २०८०/०८१ को शेयर लाभांश बाँडफाँड सम्बन्धमा ।
११. बिबिध ।

**नोट**: साधारण सभामा सदस्य स्वयम् उपस्थित भएमा यातायात खर्च बापत संस्थाबाट उत्पादित शुद्ध तोरीको तेल प्रतिसदस्य २ लिटर प्रदान गरिनेछ ।

ईश्वर पण्डित (सचिव)

**दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**

मुख्य कार्यालय, हेटौंडा-२, पल्पसारोड

फोन नं. ०५७-५२४९१६, ५२५९१७


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना